# प्रभाव दैनिक
National Daily

वर्ष ९ | अंक ६३ | काठमाडौं | आइतबार, १२ असार २०७९ | Prabhab National Daily, Sunday, June 26, 2022 | URLwww.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**बर्षातको समयमा हुने पानीजन्य रोग प्रति सजग रहौं ।**

फोहर पानीले झाडापखाला, हैजा, टाइफाइड, आउँ, जण्डिस जस्ता रोगहरू लाग्न सक्दछन ।

त्यसैले:
- खोला, धारा वा मुलको पानी सिधै नपिऔं ।
- पानी उमालेर वा शद्धिकरण गरेर मात्र पिऔं ।
- पानीलाई पीयुष, अक्वाटयाब्स वा अन्य क्लोरिन जन्य कुराहरू हालेर शुद्धिकरण गरौं ।
- पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## रासायनिक मल पाउन किसानलाई सकस



■ राजाराम कार्की

**काठमाडौं–** असार मानो रोपेर मुरी फलाउने समय हो । असार १५ गते रोपाइँ दिवस मनाइन्छ । उक्त दिवस आउन तीन दिन बाँकी छँदा पनि अहिलेसम्म किसानले रासायनिक मल पाउन नसक्दा अहिले उनीहरूको चित्कार चुलिएको छ ।

समयमै रासायनिक मल उपलब्ध नभएपछि यस वर्ष धानको उत्पादनमा गिरावट आउने देखिन्छ । अहिलेको जनसंख्यालाई धान्न झण्डै ६३ लाख मेट्रिक टन धान आवश्यक पर्छ । नेपालमा धानको उत्पादन प्रतिवर्ष वार्षिक ५२ देखि ५५ लाख मेट्रिक टन छ ।

किसानले रासायनिक मल सजिलैसँग पाउन नसकेको धेरै वर्ष भइसकेको छ । 'राज्य सचेत नहुँदा किसानले मल पाउन नसक्नु छेपाराको उखानजस्तै बनेको छ,' नेपाल राष्ट्र बैंकका पूर्वगभर्नर दीपेन्द्रबहादुर क्षेत्री भन्छन् ।

विगतका वर्ष लगातार किसानले रासायनिक मल पाउन सकेका थिएनन् । यो अहिलेको मात्र समस्या होइन तर पनि राज्यका अधिकारी किसानको मर्का विगतका वर्षदेखि नै बुझ्दै आएको जिकिर गरे पनि पछिल्लोपटक कृषि तथा पशुपक्षी विकास मन्त्रालय, कृषि सामग्री केन्द्र र ठेकेदारको उदासीनताले गर्दा किसानले मल नपाएर पीडित बनेका हुन् । 'किसानका गुनासा सडकदेखि सदनसम्म उठेका छन् तर सरकार कानमा तेल हालेर बसेको छ,' किसानका नेता उद्धव अधिकारीले भने ।

कृषिमा वर्षैपिच्छे आयात बढ्दै छ । गत वर्ष ३४ अर्ब रूपैयाँको धान/चामल आयात भएको थियो भने चालु आर्थिक वर्षको ११ महिना (जेठ मसान्त) सम्ममा ४५ अर्ब रूपैयाँको धान/चामल आयात भइसकेको छ । नेपाल कृषि प्रधान देश हो । आम नेपाली अर्थात् हाल ६२ प्रतिशत जनता कृषि पेसामा संलग्न छन् । आजभन्दा ठीक ५४ वर्ष पहिले अर्थात् वि.सं. २०२५ मा ९३ प्रतिशत जनता कृषि पेसामा संलग्न थिए । ५४ वर्षपछि कृषि पेसामा लाग्ने जनसंख्या ३१ प्रतिशतले घटेको छ ।

राज्यले कृषिको आधुनिकीकरण, व्यावसायीकरण र बजारीकरणमार्फत कृषिमा उत्पादन बढाउने र कृषिमा मुलुकलाई आत्मनिर्भर बनाउने विभिन्न योजना अघि सारे पनि समयमा मलखाद, बीउविजन र सिँचाइको व्यवस्था नहुनाले कृषिमा युवाको आकर्षण घट्दै गएको छ । (बाँकी पृष्ठ ३ मा)

# अप्ठ्यारोमा एकीकृत समाजवादी

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेकपा एमालेबाट अलग भएर बनेको पार्टी नेकपा एकीकृत समाजवादी छोटो समयमै आन्तरिक विवादमा फसेको छ । आफ्नो तर्फबाट सरकारमा सहभागी मन्त्रीलाई फिर्ता बोलाउने र नयाँ मन्त्री पठाउने विषयको जञ्जालमा जेलिएको एकीकृत समाजवादीलाई अदालतको सम्भावित कदमको पनि डर छ । किनकि, एकीकृत समाजवादी पार्टी खारेजीको माग गर्दै सर्वोच्च अदालतमा जारी विवाद विचाराधीन छ । जसको सुनुवाइ अन्तिम चरणमा पुगेको छ ।

सत्तारूढ दलसँग गरिएको गठबन्धनबाट स्थानीय निर्वाचनमा पूर्ण सहयोग नपाएकोदेखि गठबन्धनको निरन्तरताबारे पार्टीभित्र उठिरहेको आवाजले एकीकृत समाजवादी गठनको एक वर्ष नपुग्दै चाउरिन थालेको छ । एकीकृत समाजवादीभित्र अहिले सबैभन्दा पेचिलो विषय मन्त्री हेरफेरकै छ । जसले पार्टी तंग्रिन नपाउँदै भत्किने जोखिम बढेको छ ।

समाजवादीको गत २२ जेठमा बसेको सचिवालय बैठकले पार्टीको तर्फबाट सरकारमा सहभागी चारै जना मन्त्रीलाई २४ घण्टाभित्र फिर्ता बोलाउने र एक राज्यमन्त्रीलाई मन्त्रीमा बढुवा गर्ने निर्णय गरेको थियो । तर, निर्णय कार्यान्वयन हुन सकेको छैन । बरू त्यसको 'साइड इफेक्ट'का रूपमा पार्टीभित्र अनेक संकट देखिन थालेका छन् ।

उसले स्वास्थ्य तथा जनसंख्यामन्त्री विरोध खतिवडा, संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आले, सहरी विकासमन्त्री रामकुमारी झाँक्री र श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठलाई फिर्ता बोलाउने तथा स्वास्थ्य राज्यमन्त्री भवानीप्रसाद खापुङलाई स्वास्थ्यमन्त्री बनाउने निर्णय गरेको थियो ।

जीवनराम श्रेष्ठलाई संस्कृति पर्यटन तथा नागरिक उड्डयन, मेटमणि चौधरीलाई सहरी विकास, शेरबहादुर कुँवरलाई श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री र हिरा केसीलाई स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्रीका लागि प्रधानमन्त्री शेरबहादुर देउवासमक्ष सिफारिस गरेको थियो । पार्टीको निर्णय बोकेर अध्यक्ष माधवकुमार नेपाल त्यही दिन बेलुका बालुवाटार पुगेको थिए । तर,




**सत्तारूढ दलसँग गरिएको गठबन्धनबाट स्थानीय निर्वाचनमा पूर्ण सहयोग नपाएकोदेखि गठबन्धनको निरन्तरताबारे पार्टीभित्र उठिरहेको आवाजले एकीकृत समाजवादी गठनको एक वर्ष नपुग्दै चाउरिन थालेको छ। एकीकृत समाजवादीभित्र अहिले सबैभन्दा पेचिलो विषय मन्त्री हेरफेरकै छ। जसले पार्टी तंग्रिन नपाउँदै भत्किने जोखिम बढेको छ।**

शनिबारको केन्द्रयि कमिटी बैठकसम्म आइपुग्दा एकीकृत समाजवादीको उक्त निर्णय कार्यान्वयन हुन सकेको छैन । कार्यान्वयन कहिले हुन्छ वा हुँदैन भन्ने टुंगो पनि छैन । बरू, शनिबारको केन्द्रीय कमिटीको बैठकले मन्त्री फेर्ने सचिवालयको निर्णयलाई अनुमोदन मात्र गर्‍यो । मन्त्री परिर्वतनका लागि आफ्नो पार्टीले अब पर्खेर नबस्ने प्रवक्ता जनन्नाथ खतिवडाले बताए ।

'मन्त्रीमण्डलका सम्बन्धमा अब प्रधानमन्त्री शेरबहादुर देउवा र माओवादी अध्यक्ष पुष्पकमल दाहाललाई पर्खेर नबस्ने निर्णय भएको छ । अब पनि पर्खने हो भने अपमान सम्झनुपर्ने हुन्छ,' खतिवडाले भने ।

खासगरी प्रधानमन्त्री देउवाको अरुचि र बेवास्ता, एकीकृत समाजवादीले मन्त्री फेर्दा आफूहरूलाई पनि दबाब पर्ने बुझेर बहालवाला मन्त्रीहरूलाई 'ब्याकअप' दिइरहेका माओवादी अध्यक्ष दाहाल र जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवको भरथेगले समाजवादीका मन्त्रीहरूले अध्यक्ष नेपाललाई टेर्न छाडेका छन् । उनीहरूका अघि नेपाल 'लाचार' र 'निरीह' बनेका छन् ।

कतिसम्म भने पार्टीको निर्णय नमान्ने भन्दै चार मन्त्रीसहित १० सांसदले अध्यक्ष नेपाललाई ज्ञापनपत्र बुझाए । हस्ताक्षर संकलन गरे । यद्यपि, १० मध्ये छ सांसद पछि हटेका छन् । बाँकी चार जनाले भने हस्ताक्षर कायमै राखेका छन् ।

शनिबार काठमाडौंमा बसेको केन्द्रीय कमिटी बैठकमा पर्यटनमन्त्री आलेसहित छ सांसदले हस्ताक्षर फिर्ता लिएका हुन् । हस्ताक्षर फिर्ता लिने सांसदले आफूहरू यसअघि भ्रममा परेको लिखित जानकारी गराएका छन् । अध्यक्ष नेपालले पार्टीको निर्णयले सरकारमा पठाएको र पार्टीको निर्णयले नै फिर्ता हुनुपर्ने भन्दै उनीहरूलाई हस्ताक्षर फिर्ता लिन निर्देशन दिएका थिए । हस्ताक्षर फिर्ता लिनेमा आलेसहित धनबहादुर बुढा, कृष्णलाल महर्जन, गोपालबहादुर बम, पुष्पाकुमारी कर्ण कायस्थ र बीनादेवी बुढाथोकी रहेका छन् । तर, स्वास्थ्यमन्त्री खतिवडा, सहरी विकासमन्त्री झाँक्री, श्रममन्त्री श्रेष्ठ र सांसद निरा जैरुले हस्ताक्षर फिर्ता लिएका छैनन् ।

यद्यपि, मन्त्री हेरफेरसम्बन्धी पार्टी निर्णयको विपक्षमा संसदीय दलको बैठक माग गर्दै दिएको निवेदनबाट हस्ताक्षर फिर्ता (बाँकी पृष्ठ ३ मा)

### 'सबै ठाउँमा पार्टी बनाउन सकेनछौं'

नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले आफ्नो पार्टी देशका सबै ठाउँमा बनाउन नसकेको स्वीकार गरेका छन् । शनिबार केन्द्रीय कमिटी बैठकलाई सम्बोधन गर्दै उनले स्थानीय तह निर्वाचनमा यो अवस्था देखिएको बताए ।

'हामीले सबै ठाउँमा पार्टी बनाउन सकेका रहेनछौं । पुर्‍याउन सकेका रहेनछौं । उम्मेदवारी दिन सकेका रहेनछौं । २७/२८ प्रतिशत ठाउँमा मात्र उम्मेदवारी दिन सकेका रहेछौं,' नेपालले भने ।

यत्रो सीमित संख्यामा मात्रै उम्मेदवारी दिँदा पनि नौ लाख मत प्राप्त गरेको उनले बताए । उनले बैठकमा देश-विदेशको परिस्थिति विश्लेषण, स्थानीय तह निर्वाचनको समीक्षा, पार्टीको संगठनात्मक अवस्था र आगामी दिनमा संगठनको कार्ययोजना र निर्वाचन तयारीबारे केन्द्रित प्रतिवेदन पेस गरेका छन् ।

'आगामी आमनिर्वाचनमा हाम्रो भूमिका अझै बढ्नेछ । स्थानीय तहको निर्वाचनमा हामीले १०० मा २७ प्रतिशतमा मात्रै उम्मेदवारी दिँदा नौ लाख २७ हजार मत पाएका छौं । जनता कलम चुनाव चिह्न वरिपरि घुम्न तयार छन्,' अध्यक्ष नेपालको भनाइ उद्धृत गर्दै प्रवक्ता जगन्नाथ खतिवडाले भने ।

सन्दर्भ : वैदेशिक रोजगार

# 'फ्रि भिसा, फ्रि टिकट'ले व्यवसायीलाई सास्ती !

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले वैदेशिक रोजगारीको लागि अवलम्बन गर्दै आएको 'फ्रि भिसा, फ्रि टिकट'को प्रावधानका कारण सास्ती बेहोर्नुपरेको म्यानपावर व्यवसायीहरूले गुनासो गर्दै आएका छन् । मलेसियालगायत खाडी मुलुकमा जाने कामदारसँग १० हजार रूपैयाँ सेवा शुल्क मात्र लिएर रोजगारीका लागि समन्वय गरिदिनुपर्ने भएका कारण सास्ती खेप्नुपरेको व्यवसायीहरूले बताउँदै आएका छन् ।

फ्रि भिसा, फ्रि टिकटको नीति अव्यावहारिक र श्रमिकको हितमासमेत नभएको भन्दै म्यानपावर व्यवसायीले सुरुदेखि नै विरोध जनाउँदै आएका छन् । सरकारले विदेश जाने श्रमिकको हितमा हुनेगरी २०७२ सालदेखि' फ्रि भिसा, फ्रि टिकट' लागू गर्ने निर्णय गरेको थियो । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले लागू गरेको मलेसिया तथा खाडी मुलुकमा जाने कामदारका लागि भिसा र हवाई टिकटबापत लाग्ने खर्च रोजगारदाता कम्पनीले बेहोर्नुपर्ने नीति अहिले पनि कायमै छ । यो नीतिले व्यवसाय नै धरापमा परेको भन्दै यसको पुनरवलोकन गर्नुपर्ने माग व्यवसयीको छ ।

त्यसो त व्यवसायीहरूले सरकारको नीति लागू हुनेबित्तिकै एक महिना लामो आन्दोलन गरेका थिए । त्यसबाट खासै परिणाम आउन सकेन । फ्रि भिसा, फ्रि टिकटको नीतिले सास्ती खेप्नुपरेको र कामदारको माग ल्याउन अस्वस्थ प्रतिस्पर्धा हुने गरेको व्यवसायीहरूबताउँछन् ।




**फ्रि भिसा, फ्रि टिकटका कारण कामदारको माग ल्याउन कठिन हुँदै गएको व्यवसायी बताउँछन्**

यता फ्रि भिसा, फ्रि टिकट लागू भएको बताइए पनि श्रमिकहरूले लाखौं रूपैयाँ बुझाउनुपरिरहेको तथ्य लुकेको छैन ।

तत्कालीन श्रममन्त्रीले विनाअध्ययन र लहडको भरमा फ्रि भिसा र फ्रि टिकट नीति ल्याएको व्यवसायीहरूको आरोप छ । 'यो नीतिले व्यवसायीलाई त मर्का परेकै छ,'नेपाल वैदेशिक रोजगार व्यवसायी संघका संयोजक विमल ढकालले प्रभावसँग भने, 'देशलाई पनि घाटा छ, स्वयं कामदारको हितमा पनि छैन । विश्वमा नै नभएको अभ्यास नेपालमा भइरहेको छ ।'

फ्रि भिसा, फ्रि टिकटका कारण कामदारको माग ल्याउन कठिन हुँदै गएको ढकालले बताए । सरकारको नीतिका कारण व्यवसायी त्रसित हुनुपर्ने अवस्था देखिएको भन्दै ढकालले यसलाई तत्काल पुनरवलोकन गर्नुपर्ने बताए । उनले अहिलेको संकटपूर्ण अवस्थामा विदेशी रोजगारदाताबाट हुने कामदारको माग अन्य मुलुकतिर मोडिएको, रेमिटचान्समा गिरावट आएको र व्यवसायीले चाहेर पनि डिमाण्ड ल्याउन नसकेको परिस्थितिमा सरकारले नीति पुनरवलोकन गर्नुपर्छ भन्ने माग आम व्यवसायीको रहेको बताए । विद्यमान नीति पुनरवलोकनका लागि श्रम मन्त्रालय सकारात्मक भएपनि देखिनेगरी कुनै प्रक्रिया अगाडि बढ्न नसकेको ढकालले बताए ।

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसियसनका अध्यक्ष कुमुद खनाल पनिफ्रि भिसा, फ्रि टिकटबाट भनेजस्तो परिणाम आउन नसकेको बताए । प्रभावसँग कुरा गर्दै उनले भने, 'सरकारले वैदेशिक रोजगारीलाई छिटोभन्दा छिटो सरल र सहज तरिकाले सम्बोधन गर्न सकेन भने भयावह स्थिति आउनसक्छ । भोलिको दिनमा आर्थिक संकट आएपछि विदेशी मुद्रा नभएर श्रीलंकाले ५० वर्षका महिलालाई पनि वैदेशिक रोजगारीमा पठाउन १२ घण्टामा पासपोर्ट बनाइदिएर पठाएको जस्तो अवस्था हामीले भोग्नुपर्छ ।'

त्यस्तो अवस्थामा सरकारले पैसा लिएरै भएपनि कामदार पाठाइदेऊ भनेपनि व्यवसायीले केही गर्नसक्ने अवस्था नहुने खनालको भनाइ छ। कामदार र व्यवसायीलाई सरकारले खेलाउने काम बन्द गर्नुपर्ने उनी बताउँछन् । वैदेशिक रोजगारीको डिमाण्डमा प्रतिस्पर्धा एकदमै बढेको भन्दै खनालले भारतीय श्रमिकहरूलाई खाडी मुलुकमा अघोषित रूपमा प्रतिबन्ध लागेपछि पनि मलेसिया जाने क्रम बढेको बताए । जसका कारण नेपालीहरूको वर्चश्व रहेको श्रम बजार गुम्ने खतरा रहेको खनालले बताए ।

श्रममन्त्री कृष्णकुमार श्रेष्ठले फ्रि भिसा, फ्रि टिकटको नीति पुनरवलोकन गर्ने बताए पनि मन्त्रालयले यसको कुनै प्रक्रिया अगाडि बढाएको देखिँदैन । मन्त्रालयका सहसचिव एवं प्रवक्ताडण्डुराज घिमिरेलेफ्रि भिसा, फ्रि टिकटको नीति पुनरवलोकन गर्न अहिलेसम्म कुनै काम नभएको बताए । श्रममन्त्री श्रेष्ठको पछिल्लो मलेसिया भ्रमणपछि फ्रि भिसा, फ्रि टिकटलाई थप कडाइका साथ लागू गर्न मन्त्रालयले निर्णय गरेको र सोहीअनुसार निर्देशन दिइएको उनले जानकारी दिए ।






पशुपतिनाथ मन्दिर परिसरबाट शनिबार डोजरको सहायताले फोहोर उठाउँदै । तस्विरः चन्द्रकला क्षेत्री/रासस

शंखरापुर नगरपालिकाको बजेट

# ज्येष्ठ नागरिक र गर्भवतीलाई निःशुल्क एम्बुलेन्स

■ प्रभाव संवाददाता

**काठमाडौं–** शंखरापुर नगरपालिकाले आगामी आर्थिक वर्षका लागि एक अर्ब ४० करोड ४८ लाख रूपैयाँको बजेट पारित गरेको छ । नगरपालिकाको सातौं नगरसभामा नगरप्रमुख रमेश नापितले प्रस्तुत गरेको नीति तथा कार्यक्रम र उपप्रमुख समिता श्रेष्ठले प्रस्तुत गरेको आर्थिक वर्ष २०७९/८० को बजेटमाथि छलफलसहित पारित भएको हो । नौ वडा रहेको नगरपालिकाले वडावासीका लागि निःशुल्क शिक्षादेखि स्वास्थ्यसम्मका कार्यक्रम स्वीकृत गरेको छ ।

नगरसभाले ६० वर्षभन्दा माथिका ज्येष्ठ नागरिक तथा गर्भवती महिलाका लागि निःशुल्क एम्बुलेन्स सुविधा दिने नीति पनि पारित गरेको छ । यस्तै शववाहन सेवा पनि निःशुल्क गर्ने नीति पारित गरेको शंखरापुर नगरपालिकाका प्रवक्ता राधाकृष्ण श्रेष्ठले जानकारी दिए । नगरपालिकाभित्र रहेका सामुदायिक विद्यालयमा कक्षा १ देखि १२ सम्म निःशुल्क शिक्षा दिने, नगरवासीलाई साँखुमा रहेको सुष्मा कोइराला मेमोरियल हस्पिटलसँग सम्झौता गरेर निःशुल्क स्वास्थ्य सेवा प्रदान गरिने भएको छ । कक्षा १ देखि ३ सम्म नेपाल भाषा र तामाङ भाषाको पाठ्यक्रम तयार गरी मातृभाषाबाट पठनपाठन गरिनेछ । गर्भवती महिला र ६० वर्षमाथिका ज्येष्ठ नागरिकलाई निःशुल्क एम्बुलेन्स सुविधा दिने, गर्भवती र सुत्केरी आमाका लागि पोषणभत्ता उपलब्ध गराइने भएको छ ।

नगरपालिकाभित्र शववाहन सेवा निःशुल्करूपमा उपलब्ध गराइने, अशक्त तथा ज्येष्ठ नागरिकलाई बैंकमार्फत सामाजिक सुरक्षा भत्ता घरदैलोमै पुगेर दिइने, ज्येष्ठ नागरिकका लागि नगरपालिकाको तर्फबाट



पोषण भत्ताको व्यवस्था गरिने भएको छ ।

ऐतिहासिक साँस्कृतिक सहर शंखरापुर नगरभित्रका जात्रा, पर्व दीर्घकालीन आर्थिकरूपमा सहज ढंगले सञ्चालन गर्नका लागि कोषको व्यवस्था गर्न लागिएको छ । ऐतिहासिक साँखु (सक्व) र तामाङ समुदायको ऐतिहासिक एवं मौलिक बस्तीलाई साँस्कृतिक संरक्षित क्षेत्र घोषणा गरिने भएको छ । सम्पदा बस्तीमा मापदण्डअनुसार घर बनाउनेलाई प्रोत्साहनस्वरूप एक लाख रूपैयाँ दिँदै आएकामा घरको नक्सा तयार गरेबापत २५ हजार रूपैयाँ थप गरी एक लाख २५ हजार रूपैयाँ दिने व्यवस्था मिलाइएको छ ।

सम्पदा बस्तीबाहिरको हकमा 'घ' वर्गको घर नक्सा नगरपालिकाबाट निःशुल्क बनाइदिने नीति पनि पारित भएको छ । नगरस्तरीय खेलकुद एकेडेमी सञ्चालन गर्ने, नगरपालिकाभित्र खुला व्यायामशाला सञ्चालन गर्ने, विद्यालयस्तरबाटै मार्शल आर्टका खेलाडी उत्पादन गरी शंखरापुर नगरपालिकाका खेलाडीलाई अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्नसक्ने दक्ष खेलाडी उत्पादन गर्ने नगरपालिकाको योजना छ ।

स्थानीय कच्चापदार्थबाट सञ्चालन हुने उद्योगलाई अनुदान तालिम तथा अन्य सहुलियत प्रदान गर्ने, गृह श्रमिक, लघुउद्यमी तथा साना व्यवसायीबाट उत्पादित वस्तुको बजारीकरणलाई सहज बनाउन कोसेली घर स्थापना गरिने भएको छ । सामुदायिक वनमा आयआर्जनको कार्यक्रमका लागि सार्वजनिक, निजी साझेदारीका कार्यक्रम ल्याउन लागिएको छ । शंखरापुर नगरपालिकाको समृद्धिको लक्ष्य प्राप्तिका लागि कृषि, पर्यटन विभिन्न क्षेत्रको अध्ययन तथा अनुसन्धान गर्ने नीतिलाई पनि नगरपालिकाले प्राथमिकतामा राखेको छ ।

शंखरापुर उज्यालो कार्यक्रमअन्तर्गत सबै वडाका मुख्य चोकमा सडक बत्ती जडान गर्न लागिएको छ ।

जनघनत्व बढी भएका मुख्य चोकमा सिसिटिभीको व्यवस्था गरी सुरक्षाको प्रत्याभूति दिने नगरपालिकाले जनाएको छ ।

जनतासँग नगरप्रमुख कार्यक्रम सञ्चालन गर्ने, शंखरापुर नगरपालिकाको अन्तर्राष्ट्रिय सहरसँग भगिनी सम्बन्ध कायम गर्न पहल गर्ने, पर्यटक सूचना केन्द्र स्थापना गर्ने कार्यक्रम पनि नगरपालिकाले बनाएको छ ।

# टोखाको चाकुको 'ब्राण्डिङ' गरिने

■ प्रभाव संवाददाता

**काठमाडौं–** टोखा नगरपालिकाले चाकुको ब्राण्डिङ गर्ने भएको छ । नगरपालिकाले आगामी आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम र बजेटमार्फत उक्त योजना अघि सारेको हो ।

नगरपालिकाले आगामी आवका लागि दुई अर्ब ११ करोड ५६ लाख रूपैयाँको बजेट प्रस्तुत गरेको छ । शनिबार ११औँ नगरसभामा बजेट प्रस्तुत गर्दै ऐतिहासिक, साँस्कृतिक, पर्यटकीय समृद्ध टोखा नगर निर्माणका लागि विभिन्न योजना अगाडि बढाउने घोषणा गरिएको छ । नीति तथा कार्यक्रम प्रस्तुत गर्दै नगरपालिकाका प्रमुख प्रकाश अधिकारीले चाल आवमा सम्झौता भई आवको अन्त्यसम्म कार्यान्वयन हुन नसक्ने योजना तथा कार्यक्रमलाई क्रमागतरूपमा निरन्तरता दिइने बताए ।

टोखाले नीति तथा कार्यक्रममा नगरपालिकाभित्रको सुरक्षाका लागि मुख्य स्थानमा सिसी क्यामरा जडान गर्ने, टोलमा सुरक्षा साइरन जडान गर्ने, ट्राफिक सचेतना कार्यक्रम सञ्चालन गर्ने, नगर प्रहरी परिचालन



गर्ने उल्लेख गरेको छ । यस्तै नगरपालिका र वडा कार्यालय परिसरमा निःशुल्क वाइफाइको व्यवस्था गर्ने, राजस्व तिर्ने व्यवस्थालाई अनलाइन प्रणालीमा लैजाने, नगरपालिकाका हरेक कामलाई विद्युतीय माध्यमबाट गर्ने, चौमासिकरूपमा सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन गर्ने, वित्तीय सुशासन कायम राख्ने नीति तथा कार्यक्रममा उल्लेख छ । टोखाले आव २०७९/८० भित्र कार्यालय भवन निर्माण सम्पन्न गरी नगरपालिकाको भवनबाटै सेवा प्रवाहको व्यवस्था मिलाउने, एक वडा एक उद्यान नीतिलाई निरन्तरता दिने, एक वडा एक विपद् सुरक्षितस्थल गरी आवश्यक पूर्वाधार विकास गर्ने बताएको छ ।

यसैगरी 'मेयर उज्यालो' कार्यक्रमलाई निरन्तरता दिँदै सार्वजनिक चोक, मठमन्दिर, विद्यालय, वडालगायत सबै स्थानमा सडक बत्ती जडान गर्ने, टोखा साँस्कृतिक संरक्षित क्षेत्रभित्रका प्राचीन शैलीका घरलाई संरक्षण गर्ने, मेयर दीर्घायु कार्यक्रमलाई निरन्तरता दिने, उपमेयरसँग बालबालिका कार्यक्रम सञ्चालन गर्ने नीति तथा कार्यक्रममा उल्लेख छ ।

नीति तथा कार्यक्रमका आधारमा टोखा नगरपालिकाले आगामी आर्थिक वर्षका लागि विभिन्न शीर्षकमा बजेट सार्वजनिक गर्ने नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत शंकरराज पाठकले जानकारी दिए ।

# पुस्तकालयको दोस्रो राष्ट्रिय सम्मेलन तयारी

**काठमाडौं (प्रस)–** पुस्तकालय क्षेत्रका विद्यमान समस्या समाधानका लागि समीक्षा गर्न सार्वजनिक र सामुदायिक पुस्तकालयको दोस्रो राष्ट्रिय सम्मेलन हुने भएको छ । सम्मेलन यही असार १५ र १६ गते काठमाडौंमा हुने छ ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, रिड नेपाल र जापानी संस्था शान्ति भोलेन्टियर एसोसियसनको सहकार्यमा हुने उक्त सम्मेलनमा पुस्तकालयबारे गरिएको तथ्यांकसहितको सर्वेक्षण प्रतिवेदन सार्वजनिक गरिने शुक्रबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो । मन्त्रालयका उपसचिव यादवचन्द्र निरौलाले विश्वका विकासशील र विकसित धेरै मुलुकमा सार्वजनिक पुस्तकालय सञ्चालनले सबै जाति, वर्ग, भाषी, लिंग, धर्म र उमेर समूह तथा पेसा व्यावसायीलाई सेवाको ढोका खुल्ला राख्ने भएकाले यसको प्रयोग र विस्तार आवश्यक भएको बताए ।

सूचना प्रविधिको विकाससँगै पठन संस्कृतिमा देखिएको कमीप्रति चिन्ता व्यक्त गर्दै रिड नेपालका अध्यक्ष भोला श्रेष्ठले सम्मेलनमा पुस्तकालयको विकास, विस्तार र प्रभावकारिताबारे छलफल गरिने जानकारी दिए । नेपालमा सन् १९९१ मा सोलुखुम्बुको जुनीबेँसीमा पहिलो सामुदायिक पुस्तकालय स्थापना भएको थियो ।

नेपालमा औपचारिक रूपमा वि.सं. १८६९ भदौ १५ गते पुस्तकालय सेवा प्रारम्भ भएको दिनलाई ऐतिहासिक उपलब्धिको रूपमा स्मरण गरी २०६५ सालदेखि हरेक वर्ष भदौ १५ गते राष्ट्रिय पुस्तकालय दिवस मनाउँदै आइएको छ । तत्कालीन राजा गीर्वाणयुद्ध विक्रम शाहले वसन्तपुर दरबारमा रहेका पुस्तक व्यवस्थापनका लागि सनदपत्र जारी गरेको थियो । हाल देशभर सामुदायिक र सार्वजनिक गरी करिब ५०० पुस्तकालय छन् । हालसम्म संस्थागत (कार्यालयगत) पुस्तकालयको आँकडा र पुस्तकालयको विधागत वर्गीकरण भने गरिएको छैन ।

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरू**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

असार १२ गते आइतबार (तिथिः त्रयोदशी, नक्षत्रः कृतिका, कृष्णपक्ष)

| | |
|---|---|
| **मेष** | विदेश यात्राको योग छ । |
| **वृष** | आध्यात्मिक यात्रा हुने योग छ । |
| **मिथुन** | सवारीसाधानमा सावधानी राख्नुहोला । |
| **कर्कट** | सन्तान सुख मिल्नेछ । |
| **सिंह** | आकस्मिक धनलाभको योग छ । । |
| **कन्या** | नाता-गोतासँग मनमुटाव रहनेछ । |
| **तुला** | सम्मानमा वृद्धि हुनेछ । |
| **वृश्चिक** | धेरै लाभको कामना नगर्नुहोला । |
| **धनु** | सबै कार्यमा विनम्रता र धैर्य राखे सफलता मिल्नेछ । |
| **मकर** | हतारमा कुनै निर्णय नलिनुहोला । |
| **कुम्भ** | व्यापारिक कार्यमा लाभ हुनेछ । |
| **मीन** | पारिवारिक विवाद हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आ'खा बैंक | ४४९३६८४ |
| नेपाल आ'खा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आ'खा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/ शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेशनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिङ होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

असार १२ गते, २०७९, २६ जुन २०२२

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १२१।७६ | १२२।३६ |
| युरो | १ को | १३३।२२ | १३३।८८ |
| पाउन्ड स्टर्लिङ | १ को | १५२।०० | १५२।७५ |
| स्विस फ्रैन्क | १ को | १२६।०९ | १२६।७१ |
| अस्ट्रेलियन डलर | १ को | ७७।२५ | ७७।६३ |
| क्यानाडियन डलर | १ को | ८७।२६ | ८७।६९ |
| सिंगापुर डलर | १ को | ८६।१८ | ८६।६० |
| जापानी येन | १० को | ११।२३ | ११।२९ |
| चिनियाँ युआन | १ को | १७।३१ | १७।३९ |
| साउदी अरब रियाल | १ को | ३२।३८ | ३२।५४ |
| कतारी रियाल | १ को | ३३।४४ | ३३।६१ |
| थाई भाट | १ को | ३।७३ | ३।७५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३३।१५ | ३३।३१ |
| मलेसियन रिंगेट | १ को | २८।२५ | २८।३९ |
| दक्षिण कोरियन वन | १०० को | १०।०६ | १०।११ |
| स्विडिस क्रोनर | १ को | १२।२६ | १२।३२ |
| डेनिस क्रोनर | १ को | १७।८५ | १७।९३ |
| हङकङ डलर | १ को | १५।७१ | १५।७८ |
| कुवेती दिनार | १ को | ३९१।५२ | ३९३।४५ |
| बहराइन दिनार | १ को | ३२१।०२ | ३२२।६० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

शिक्षामन्त्री पौडेलले भने-

# शिक्षा नै विकासको मेरुदण्ड



■ प्रभाव संवाददाता

**भैरहवा-** शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले शिक्षा नै विकाशको मेरुदण्ड भएको बताएका छन् ।

लुम्बिनी बौद्ध विश्वविद्यालयको दोस्रो दीक्षान्त समारोहमा बोल्दै उनले राष्ट्र निर्माणमा शिक्षा महत्वपूर्ण पाटो भएको बताउँदै शिक्षा नै विकाशको मेरुदण्ड भएको बताए । बौद्ध विश्वविद्यालय विशिष्टीकृत विश्वविद्यालय भएकाले त्यसको आफ्नै महत्व रहेको बताए । 'आनन्द हुनु भनेको ज्ञान प्राप्त गरेर बहुत्व प्राप्त गरी आत्मिक एवं भावनात्मक रूपमा सन्तुष्टि हुनु हो' उनले भने । उनले भौतिक समृद्धि पूर्वाधार विकासबाट हुने बताउँदै आत्मिक समृद्धि शान्ति, शिक्षा, नैतिकता, अनुशासन र मानवतबाट प्राप्त हुने जानकारी गराए । उनले भने, 'भौतिक समृद्धि पूर्वाधार विकासबाट हुन्छ भने आत्मिक समृद्धि शान्ति, शिक्षा, नैतिकता, अनुशासन र मानवतबाट प्राप्त हुन्छ ।'

उनले समाज र देशमा सौन्दर्य प्राप्त गर्न प्रत्येक नागरिक ज्ञानी हुनुपर्नेमा जोड दिए । 'समाज र देशमा सौन्दर्य प्राप्त गर्न प्रत्येक नागरिक ज्ञानी हुनुपर्छ' मन्त्री पौडेलले भने । उनले मान्छेलाई अनुशासनमा ल्याउने, ज्ञानी र बुझकी बनाउने माध्यम नै शिक्षा भएको बताए । उनले थपे, 'नागरिकलाई ज्ञानी बनाउने शिक्षा नै हो ।' उनले लुम्बिनी बौद्ध विश्वविद्यालयलाई बुद्धका उपदेश र बौद्ध शिक्षालाई जीवनोपयागी बनाउने गरी विश्वविद्यालयलाई शैक्षिक अनुसन्धानको केन्द्र बनाउनुपर्नेमा जोड दिए । उनले बुद्धका उपदेश र बौद्ध शिक्षाले नेपालको शिर उच्च राखेकोले नै लुम्बिनी बौद्ध विश्वविद्यालयलाई विश्वस्तरको शैक्षिक अनुसन्धानको केन्द्र बनाउनुपर्ने सुझाव दिए ।

'अंगीकृत नागरिकका सन्तानलाई

# वंशजको नागरिकता दिन मिल्दैन'

■ प्रभाव संवाददाता



**काठमाडौं-** राष्ट्रिय जनमोर्चाका अध्यक्ष तथा पूर्वउपप्रधानमन्त्री चित्रबहादुर केसीले नागरिकतासम्बन्धी विद्येयक अघि बढाउन नहुने बताएका छन् । सरकारले नागरिकतासम्बन्धी विद्येयक पारित गराउनेगरि अघि बढाएको उल्लेख गर्दै केसीले यो नेपालको हितमा नभएको टिप्पणी गरे ।

शनिबार आयोजित साक्षात्कारमा बोल्दै उनले नागरिकतासम्बन्धी विद्येयक पारित भए नेपालमा जनसांख्यिक आक्रमण भएसरह हुने दाबी गरे । उनले भने, 'नेपालमा जनसांख्यिक आक्रमण गरेर नेपालीलाई अल्पमतमा पार्न मिल्दैन् । यदि अहिले ल्याएको नागरिकतासम्बन्धी विद्येयक पारित गराउने हो भने नेपालका जनता चाहीँ अल्पमतमा पर्ने र अंगीकृत नागरिक (विदेशबाट) नेपाल आएकाहरू बहुमतमा हुनेछन् ।'

उनले नागरिकले नागरिकता पाउने विषयमा आफूहरूको विरोध भने नरहेको स्पष्ट पारे । केसीले वंशजको नागरिकता दिनको लागि आमा पनि वंशज र बुवा पनि वंशज हुनुपर्ने आफूहरूको अडान रहेको सुनाए ।

उनले नेपालमा राजनीति गर्ने भनेको जनता र देशको पक्षमा काम गर्ने भन्दापनि राजनीति अहिले व्यवसाय भएको टिप्पणी गरे । उनले दलभित्र पनि अहिले अराजकता हाबी भएको आरोप लगाए । हालै माधव नेपाल नेतृत्वको नेकपा (एकीकृत समाजवादी) पार्टीको मन्त्रीहरू हेरफेर गर्ने निर्णय कार्यान्वयनमा आउन मन्त्रीहरू नै चूनौत बनेर खडा भएको विषय उठाउँदै त्यो प्रवृत्तिको विरोध गरे ।

उनले अमेरिकाको एसपिपी कार्यक्रम अस्विकार गर्नेबारे नेपालका दलले लिएको निर्णय स्वागतयोग्य रहेको बताए । उनले कुनैपनि शक्ति राष्ट्रले कसैलाई पनि त्यसै सहयोग नगर्ने बताए ।

अध्यक्ष केसीले अहिलेको पाँच दलीय गठबन्धन आगामी संसद्को निर्वाचनसम्म नै कायम गरिने स्पष्ट पारे । उनले भने,' गठबन्धनका बारेमा धेरै चर्चा भैरहेको छ। गठबन्धन भएको गलत भएको भनेर धेरैले भनेका छन् । गठबन्धन त्यसै भएको होईन । ०७२ को संविधानलाई ध्वस्त पार्ने, संविधानमा व्यवस्था नहुँदा नहुँदैपनि संसद् पटक-पटक विघटन गर्ने काम भयो । सर्वोच्चले संसद् पूनःस्थापना भएपछि संसद् चल्नै नदिने काम भयो । तत्कालिन नेकपाको सरकारले प्रतिगमनको बाटो समातेको थियो । त्यसलाई रोक्ने कुरामा पाँच दलीय गठबन्धन सफल भएको छ । गठबन्धनले हार खाएको छैन् । गठबनधनले कमसेकम गणतत्न्त्र, संविधान र संसदको रक्षाको लागि काम गरेको छ।'

केसीले गठबन्धनभित्रपनि समस्या रहेको सुनाए । उनले विगतमा पाँच दलीय गठबन्धन बन्दाखेरि गणतन्त्र, संसद र दलीय व्यवस्था खत्तम पार्ने देशी तथा विदेशी शक्तिले आलोचना गरेको भएपनि ती सबैलाई चिरेर गठबन्धन अघि बढेको स्मरण गराए । उनले नागरिकतासम्बन्धी विद्येयकबारे जनमोर्चाबाहेक अरु दल गलेको आरोप लगाए । उसो भए नागरिकतासम्बन्धी विद्येयक पारित वा फेल गर्न एमालेले कस्तो भूमिका खेल्छ होला ? भनेर सोधिएको प्रश्नमा उनले एमालेले आफ्नो फाइदा हेरेर निर्णय लिने सुनाए ।

## संक्षिप्त

### कटुवा पेस्तोल र गोलीसहित दुई जना पक्राउ

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिका-२६ मित्रनगरस्थित क्याफेबाट १ थान कटुवा पेस्तोल र १ थान गोलीसहित २ जनालाई शुक्रबार प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा नवलपरासी बर्दघाट नगरपालिका-१४ घर भएका ३० वर्षीय राजु विक र बाँके खजुरा गाउँपालिका-१ घर भएकी २१ वर्षीया अस्मिता विक रहेका छन् । विशेष सूचनाको आधारमा प्रहरी प्रभाग गोंगबुबाट खटिएको प्रहरीले क्याफेमा खानतलासी गर्दा उनीहरूलाई उक्त पेस्तोल र गोली सहित फेला पारी पक्राउ गरेको हो ।

### लागुऔषधसहित पक्राउ

**काठमाडौं (प्रस)–** झापा, बिर्तामोड नगरपालिका-५ एकता टोलबाट ६ सय मिलिग्राम अवैध लागुऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ र नगद २४ हजार ७ सयसहित २ जनालाई शुक्रबार प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही नगरपालिका-४ बस्ने २० वर्षीय अभिषेक शर्मा र २२ वर्षीय शुसील लिम्बु रहेका छन् । ईलाका प्रहरी कार्यालय अनारमनीबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पदार्थ र नगदसहित फेला पारी पक्राउ गरेको हो ।

बाँके, नेपालगंज उपमहानगरपालिका-१५ जमुनाहबाट ८ ग्राम ५ सय मिलिग्राम अवैध लागुऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थसहित दाङ लमही नगरपालिका-४ अर्नवा बस्ने २३ वर्षीय किरण कुमाललाई शुक्रबार प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय जमुनाह र लागुऔषध नियन्त्रण ब्यूरो बाँकेबाट खटिएको संयुक्त टोलीले उनलाई उक्त पदार्थसहित फेला पारी पक्राउ गरेको हो ।

सिरहा, धनगढीमाई नगरपालिका-१४ हातिढुङाबाट करिब ३५ केजी अवैध लागुऔषध गाँजासहित २ जनालाई शुक्रबार प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा गोलबजार नगरपालिका-१ मुक्सार बस्ने ३० वर्षीय चखु सदाय र २ ९ वर्षीय रामसागर साह रहेका छन् । ईलाका प्रहरी कार्यालय विष्णुपुरकट्टीबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त परिमाणको लागुऔषधसहित फेला पारी पक्राउ गरेको हो । साथै उनीहरूले प्रयोग गरेको स.३ प ७७९९ नम्बरको मोटरसाइकलसमेत प्रहरीले बरामद गरेको छ ।

कैलाली, टिकापुर नगरपालिका-९ खक्रौलाबाट ६ सय ६० मिलिग्राम अवैध लागुऔषध खैरो हेरोईन जस्तो देखिने पदार्थ र ५ पिस नाईट्राभेट सहित सोही नगरपालिका-३ कटानपुर बस्ने २ ९ वर्षीय सागर कुमार बिकलाई शुक्रबार प्रहरीले पक्राउ गरेको छ । से.३ प ३१२१ नम्बरको मोटरसाइकलमा सवार सागर कुमारलाई खक्रौलास्थित चेकपोष्टमा खटिएको प्रहरीले जाँच गर्ने क्रममा आफ्नो संवेदनशील अंगमा लुकाई ल्याएको उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो ।

### भन्सार छलेको सामान बरामद

**बाँके (प्रस)–** नेपालगञ्ज उपमहानगरपालिका-१ नन्दनी मिलको कम्पाउण्डबाट अवैध रूपमा भन्सार छलि भारतबाट ल्याएको ५ सय २० बोरा चिनी र ५१ बोरा बोडीको दाल गरी करिब १९ लाख २७ हजार बराबरको सामान प्रहरीले बरामद गरेको छ ।

उक्त कम्पाउण्डमा जिल्ला प्रहरी कार्यालय बाँकेबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा उक्त सामान फेला पारी बरामद गरेको हो । बरामद सामानहरू आवश्यक कारबाहीको लागि भन्सार कार्यालय नेपालगञ्ज बाँके पठाइएको छ ।

## अप्ठ्यारोमा एकीकृत...

पृष्ठ १ बाट जारी

लिएका पर्यटनमन्त्री आलेले नयाँ मन्त्रीहरूको सूची समावेशी नभएको भन्दै पार्टीमा अलग नाम पेस गरेका छन् । उनले गैरसांसद र गैरसमावेशी टिमको विपक्षमा सांसदहरूको समावेशी टिमको नाम सिफारिस गरेको बताइएको छ । हट्ने मन्त्रीहरूको तर्फबाट सिफारिस गरिएको नाममा सांसद कृष्णलाल महर्जन, निरा जैरु, धनबहादुर बुढा र हिराचन्द्र केसी छन् । त्यस्तै, मुगुका सांसद गोपाल बमलाई राज्यमन्त्रीमा सिफारिस गरिएको छ । हट्ने भनिएका अन्य मन्त्रीले भने सो सूची आलेको एकल भएको भन्दै आफूहरू हस्ताक्षरमा कायमै रहेको बताएका छन् ।

**गठबन्धनबाहिर पनि सहकार्य**

एकीकृत समाजवादीले गठबन्धनबाहेकका दलसँग पनि सहकार्य खुला गर्ने भएको छ । शनिबार काठमाडौंको बानेश्वरमा बसेको केन्द्रीय कमिटीको बैठकपछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै उक्त पार्टीका प्रवक्ता जगन्नाथ खतिवडाले पाँचदलीय गठबन्धनसँग सहकार्य जारी नै राख्ने तर, शरण नपर्ने बताए । बैठकमा अध्यक्ष नेपाल र सम्मानित नेता झलनाथ खनालले यस विषयमा धारणा राखेको खतिवडाले बताए ।

'पाँचदलीय गठबन्धनलाई हामीले उच्च प्राथमिकता दिएका छौं । हामी सबैसँग सहकार्य गर्छौं । तर, कसैको शरण पर्दैनौं । सहकार्य गर्न हामी खुला छौं । यो कुरालाई आज हामीले बढी जोड गरेका छौं,' खतिवडाले भने, 'सबै दलहरूसँग छलफल खुला गर्नेछौं । पाँचदलीय गठबन्धन हाम्रो प्राथमिकता हो । तर, पाँच दलभन्दा बाहिर अरू दलसँग पनि खुला छलफल गर्ने विषयमा हामी प्रस्ट छौं ।'

उनले देशभक्ति र वामपन्थीहरूको बीचमा व्यापक सहकार्यको सम्भावना रहेको पनि बताए । यसबारेमा पनि बहस छलफल गर्न, सबै राजनीतिक दलहरूसँग, व्यक्ति व्यक्तिसँग, समूह समूहसँग भेट्न तयार रहेको खतिवडाले बताए । समाजवादीले देशको राजनीतिमा नयाँ शक्ति सन्तुलन बढ्दै गएको निश्कर्षसमेत निकालेको छ ।

प्रवक्ता खतिवडाले एमालेसँग भने सहकार्यका लागि अहिले नै वार्ता हुन नसक्ने बताए । 'एमालेले आजसम्म हामीलाई राजनीतिक दलको दर्जा पनि दिएको छैन । एमालेले हाम्रो अस्तित्व नस्वीकारेसम्म वार्ता हुँदैन,' उनले भने, 'एमालेले अदालतमा दर्ता गरेको मुद्दा फिर्ता लिएर राजनीतिक दलको मान्यता दिएमा वार्ता हुन्छ । तर, संसद् विघटनसहितमा आफ्नो धारणा उसले सार्वजनिक गर्नपर्छ ।'

## रासायनिक मल...

पृष्ठ १ बाट जारी

यस वर्ष समयमा नै वर्षा सुरु भएको छ । धान खेतीयोग्य जमिनमा आकासे पानीको सुविधा पर्याप्त भए पनि मल छैन । समयमा मल पाउन नसकेकै कारण किसानले सरकारलाई आरोप लगाउने गरेको विभिन्न सञ्चारमाध्यमबाट सुनिएको छ ।

बाबुआमाले भोगेका र आफूले प्रत्यक्ष देखेका किसानका छोराछोरीसमेत कृषि क्षेत्रबाट पलायन भई वैदेशिक रोजगारमा छन् । वैदेशिक रोजगार विभागको पछिल्लो तथ्यांकअनुसार झन्डै ५० लाख युवा विश्वका ८५ देशमा छरिएर रहेका छन् । युवा वैदेशिक रोजगारमा भएकै कारण बाबुआमा सहर प्रवेश गर्न थालेकाले गाउँ घरका खेतीयोग्य जमिन बाँझो छ । कृषि गणना २०६८ अनुसार झण्डै १० लाख हेक्टर खेतीयोग्य जमिन बाँझो छ ।

उन्नत कृषि सामग्री-मल, बीउ, कृषि रसायन र उपकरणको आयात र सर्वसुलभ बिक्री वितरणको जिम्मा पाएको कृषि सामग्री कम्पनी लिमिटेड स्थापना भएको ५७ वर्ष पुगेको छ । वि.सं. २०२२ मा स्थापना भएको कम्पनीमा सरकारदेखि सरकारसम्म (जिटुजी) र बोलपत्र आह्वानमार्फत मल खरिद गरी देशभरका पाँच हजार ३०० सहकारी संस्थामार्फत बिक्री वितरण गर्दै आएको छ । लामो अनुभव रहेको उक्त संस्थाको अहिलेको व्यवस्थापन राम्रो नदेखेपछि कृषि विज्ञले कम्पनीको औचित्यमाथि प्रश्न उठाउन थालेका छन् ।

आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७ को दफा ३ र ८ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले रासायनिक मल (नियन्त्रण) आदेश, २०५५ को दफा ४ प्रयोग गरी रासायनिक मल खरिद तथा बिक्री वितरणको जिम्मा कृषि सामग्री कम्पनीलाई दिइएको छ । उक्त आदेशको दफा ४ मा नेपालभित्र रासायनिक मलको उत्पादन पैठारी वा बिक्रीवितरण नियमित र नियन्त्रण गर्ने दायित्व कृषि तथा पशुपक्षी विकास मन्त्रालयले तोकेको निकाय वा पदाधिकारीलाई दिइने उल्लेख छ ।

कृषिको उत्पादन दर बढाउन राज्यले किसानलाई रासायनिक मलमा अनुदान दिने काम २०६५ सालमा प्रधानमन्त्री डा.बाबुराम भट्टराईको पालादेखि पुनः सुरु भएको हो । यसअघि २०२९ सालमा भएको तेलको अत्यधिक अभाव र रासायनिक मलको मूल्यमा भएको वृद्धिका कारण सरकारले देशभरि नै मलको अधिकतम खुद्रा मूल्य तोकेर अनुदान दिने नीति अंगीकार गरेको थियो । त्यसपछि २०५४ सालमा सरकारले रासायनिक मलको क्षेत्रमा नीतिगत घोषण गर्दै गैरयुरिया मलमा अनुदान पूर्णरूपमा हटाउने र युरिया मलको हकमासमेत चरणबद्धरूपमा अनुदान हटाउँदै लैजाने निर्णय गरेको थियो । आर्थिक वर्ष २०७८/७९ का लागि सरकारले रासायनिक मलमा १५ अर्ब रूपैयाँ अनुदान दिने व्यवस्था बजेटमार्फत गरे पनि किसानले भने अझैसम्म मल पाउन सकेका छैनन् । *रासस*

## मावन वेचविखन संलग्न दुई जना पक्राउ

**मोरङ (प्रस)–** मानव वेचविखन तथा ओसारपसारमा संलग्न रहेको अभियोगमा २ जनालाई असार ५ गते प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा मानव भारत मजतपुर घर भई हाल झापा बिर्तामोड नगरपालिका-५ मुर्तिचोक डेरा गरी बस्ने २३ वर्षीय हिरा कुमार सहनी र बारा कोल्वी नगरपालिका-४ सपही बस्ने १९ वर्षीया सिरिसा सिंह महथा रहेका छन् ।

उनीहरूले १३ वर्षीया बालिकालाई वेचविखन गर्ने उद्देश्यले बिराटनगर महानगरपालिका-१५ स्थित भन्सार कार्यालयको २ नम्बर ढाँट सिमाक्षेत्रबाट ललाईफकाई भारततर्फ लाँदै गरेको अवस्थामा साना हात नेपाल विराटनगरको समन्वयमा ईलाका प्रहरी कार्यालय रानीबाट खटिएको प्रहरीले पक्राउ गरेको हो ।

उनीहरू उपर जिल्ला अदालत मोरङबाट मानव वेचबिखन तथा ओसारपसार मुद्दामा ५ दिन म्याद थप गरी आवश्यक अनुसन्धान भइरहेको छ ।

## बाँके र बर्दियामा मानव-वन्यजन्तुबीच द्वन्द्व बढ्दै

**राँझा–** गत जेठ २३ गते बर्दियाको मधुवन नगरपालिका-२ छोट्की सोनाहा गाउँकी ४१ वर्षीया अस्मिता थारुलाई चितुवाले आक्रमण गरी घाइते बनाएपछि आक्रोशित स्थानीयले ओराली बजारमा सडक बन्द गर्दै सुरक्षाको माग गरे ।

सो आसपासका क्षेत्रमा वन्यजन्तुको आक्रमण बढेको भन्दै आन्दोलनमा उत्रिएका माथि प्रहरीले गोली चलाउँदा मधुवन नगरपालिका-२ बस्ने १८ वर्षीया नवीना थारुको मुत्यु भयो भने मधुवन नगरपालिकाकै २२ वर्षीय राकेशकुमार चौधरी घाइते भएका छन् ।

त्यसको केही दिनअघि सोही क्षेत्रमा पाटेबाघको आक्रमणमा परी मधुवन नगरपालिका-२ की कौसिला पालको मृत्यु भएको थियो । वन्यजन्तुको आक्रमण नरोकिएपछि स्थानीय समुदाय सडक आन्दोलनमा उत्रिने क्रममा गोली चल्दा अनाहकमा सर्वसाधारणको ज्यान गएको खाता सामुदायिक वन समन्वय समितिका अध्यक्ष हरि गुरुङले बताए ।

पछिल्ला वर्षमा पश्चिम तराईको बाँके र बर्दिया जिल्लामा मानव-वन्यजन्तुबीच द्वन्द्व बढेको छ । गत पाँच वर्षमा बाघको आक्रमणबाट बर्दियामा २३ र बाँकेमा छ गरी २९ जनाको मृत्यु भएको छ ।

दुवै निकुञ्जमा बाघको संख्या वृद्धि भएसँगै बाघ आक्रमणका घटना पनि बढ्दै जाँदा मृत्यु हुने क्रम पनि बढेको बर्दिया राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत विष्णुप्रसाद श्रेष्ठले बताए । उनका अनुसार, पछिल्लो समय बाघको संख्या बढ्दै जानु, वन अतिक्रमण बढ्नु र भौतिक पूर्वाधारको विकासले बाघको वासस्थान खण्डित हुँदै गएकाले मानव र वन्यजन्तुबीच द्वन्द्व बढ्दै गएको छ ।

बर्दियामा चालु आर्थिक वर्ष २०७८/०७९ मा पाँच जना, ०७७/०७८ मा सबैभन्दा बढी १२ जना र ०७६/०७७ मा छ जना गरेर २३ जनाको ज्यान गएको छ । उनले मानव र वन्यजन्तुबीचको द्वन्द्व घटाएर दुवैको सहअस्तित्व कायम गर्नका लागि निकुञ्जले नेपालमै पहिलोपटक पाँच वर्षीय रणनीतिक योजना बनाएर काम सुरु गरिसकेको बताए । *रासस*


**युएईमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : ALABAAD ALKHAMSAH SECURITY SERVICES

पूर्व स्वीकृति मिति: २०७९/०३/११ | LT. No.265694 | चलानी नं. ६०१८१७७२

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | UES | ने.रू. | | | | | | | |
| 1 | Security Guards | 25 | 0 | 1800 | ३१,१७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा असार २० गते (4th July 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Rg **Raj Group Of Company Pvt.Ltd.**

Basundhara–3, Kathmandu, Nepal Tel : 0977-01-4386500

Email : info@rajgroupnepal.com URL: www.rajgroupnepal.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# एजेन्टको चंगुल अन्त्य गर

सरकारले वैदेशिक रोजगारीमा श्रमिक पठाउने म्यानपावर कम्पनीहरूले एजेन्ट राख्न नपाउने व्यवस्था गरेको वर्षौं बितिसक्यो । एजेन्टका कारण श्रमिकहरू ठगीमा पर्ने क्रम बढेपछि सरकारले ऐन नै संशोधन गरेर उक्त व्यवस्था गरेको थियो । तर, अझैसम्म पनि अधिकांश श्रमिकहरू एजेन्टमार्फत् म्यानपावर कम्पनीमा पुग्ने गरेको पाइएको छ ।

नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट)ले अन्तर्राष्ट्रिय ट्रेड युनियन महासंघ (आइटियुसी)को सहयोगमा रिक्रुटमेण्ट एडभाइजरमार्फत् गरेको अध्ययनले अझै ४० प्रतिशत श्रमिक एजेन्टको माध्यमबाट वैदेशिक रोजगारीमा जाने गरेको देखाएको हो । श्रमिकहरूले कुनै न कुनै बहानामा एजेन्टसँग भेट भएपछि मात्रै वैदेशिक रोजगारीका लागि समन्वय हुने गरेको उक्त अध्ययनको निश्कर्ष छ ।

३२ प्रतिशत कामदारले मात्रै आफूले रोजगारीको अवसरका बारेमा म्यानपावर कम्पनीमार्फत् जानकारी लिएको जानकारी दिएका छन् । तत्कालीन अवस्थामा वैदेशिक रोजगार ऐन २०६४ को दफा ७४ ले व्यवस्था गरेअनुसार म्यानपावर कम्पनीले स्वदेश तथा विदेशमा शाखा खोल्ने र एजेन्ट राख्न अनुमति दिए पनि मौजुदा कानुनको केही नेपाल ऐन संशोधन गर्ने ऐन २०७५ द्वारा एजेन्ट राख्ने व्यवस्था हटाइएको छ ।

तर, अझै पनि एजेन्टकै भरमा म्यानपावर र वैदेशिक रोजगार व्यवसाय चलिरहेको अध्ययन प्रतिवेदनले देखाउँछ । अध्ययनले प्रवासी श्रमिकको राहदानी रोजगारदाताले नै कब्जामा राख्ने गरेको देखाएको छ । हरेक सय जनामध्ये ९६ जनाको राहदानी रोजगारदाताले कब्जामा लिने गरेको अध्ययनपत्रमा उल्लेख गरिएको छ । अध्ययनले वैदेशिक रोजागरमा प्रस्थान गर्नुपूर्वको अभिमुखीकरण तालिममा झण्डै ८० प्रतिशत व्यक्तिले तालिम लिएको देखाएको छ । जसमा ४८.१ प्रतिशतले आफ्नो अधिकार, उजुरी वा गुनासो भएमा सो दर्ता गर्ने विषय तथा गन्तव्य मुलुकमा उपयोगी सम्पर्क तथा सहयोगी निकायका बारेमा जानकारी पाएको बताएको उल्लेख छ ।

हरेक पाँच जनामध्ये चार जनाले आफूले रोजगार करार सम्झौता प्राप्त गरेको बताएका थिए । करार सम्झौता प्राप्त गरेका अधिकांश (९५ प्रतिशत) ले आफूले सो सम्झौतामा लेखिएको भाषा बुझेको बताएका छन् । एकतिहाइ कामदारले आफूलाई नेपालमा भनिएअनुसारको सेवा रोजगार गन्तव्य मुलुकमा नदिइएको बताएका थिए ।

अध्ययनमा सहभागीमध्ये ७८ प्रतिशतले आफूलाई वैदेशिक रोजगारमा पठाउने संस्था (म्यानपावर कम्पनी)लाई शून्यदेखि तीन स्टारसम्मको स्तर निर्धारण (रेटिङ) गरेका छन् । जसमध्ये ७० प्रतिशतले पुनः आफूले सोही म्यानपावर कम्पनीको सेवा नलिने बताएका छन् । केवल २६.४ प्रतिशतले मात्र आफू यस अगाडि काम गरेको रोजगारदातासँग नै पुनः काम गर्न जाने रुचि देखाएका छन् ।

वैदेशिक रोजगारमा जाने कामदार नठगिउन्, गैरकानुनी रूपमा रकम तिर्न नपरोस् भनेर सरकारले म्यानपावर कम्पनीहरूले एजेन्ट राख्न नपाउने व्यवस्था गरेको थियो । तर, लामो समयसम्म यो यथावत् रहनु भनेको निकै दुःखद् हो । रोजगारी सिर्जना गर्ने उद्योगका नाममा श्रमिकलाई ठग्ने र शोषण गर्ने छुट कसैलाई पनि छैन । त्यसकारण वैदेशिक रोजगारको क्षेत्रमा देखिएका समस्याहरू समाधान गर्न सामूहिक प्रयास आवश्यक छ ।

स्वदेशमा रोजगारी नहुँदा नेपालीहरू वैदेशिक रोजगारीमा जान बाध्य छन् । खासगरी खाडी मुलुकमा जाने कामदारको संख्या अधिक छ । जोसँग पर्याप्त शैक्षिक योग्यता छैन, कुनै प्राविधिक सीप छैन, जसको आयस्तर न्यून छ, तिनै व्यक्तिहरू खाडी मुलक जाने गरेका छन् । तिनै न्यून आय भएका कामदार पनि एजेन्टको चंगुलमा फस्नुपर्दा थप आर्थिक भार र जोखिम बढेको छ । राज्यले यसतर्फ ध्यान दिनैपर्छ । सबैभन्दा उत्तम विकल्प त स्वदेशमै रोजगारी सिर्जना गर्ने हो । यदि, त्यो सम्भव नभए वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई सुलभ, सस्तो र झण्झटरहित बनाउन सक्नुपर्छ ।



पदम श्रेष्ठ

# अद्वैतवाद कलियुगको आशावादी दर्शन

अद्वैतवादका पक्षधर दामोदर गौतमको विचारमा जबसम्म मान्छेले उत्तम वा दुश्चर कुनै न कुनै कर्म गरेर समाजमा आफ्नो अस्तित्व राख्दैन तबसम्म उसको जन्म भएको हुँदैन । शिवोहमवादका मार्गदर्शक पनि मानिने गौतम भन्छन्, 'जन्म त दिनमा करोडौं जन्मिरहेका हुन्छन् भने त्यतिकै संख्यामा मृत्युवरण पनि । तर, त्यस्तो व्यक्तिको मात्र जन्म मृत्युको मूल्यांकन हुन्छ जसले सुकर्म र कुकर्मको माध्यमबाट आफूलाई चिनाएको होस् ।'

गौतम आफ्नो भौतिक जन्म वि.सं. २००२ साल कात्तिक २३ गते काठमाडौंको स्युचाटारमा भए पनि वास्तविक जन्म तीनपल्ट भएको बताउँछन् । उनका अनुसार वि.सं. २०२२ सालमा समाजवादी राजनीतिमार्फत नेपाली कांग्रेसका संस्थापक बिपी कोइरालाको आदर्श र सर्वोच्च नेता गणेशमान सिंहको साहसको मार्गमा लाग्दा पहिलो जन्म भयो । दोस्रो जन्म किशोर अवस्थादेखि नै परोपकार पुण्यको बाटो अँगाल्दै जाँदा वीर अस्पतालको सञ्जीवनी सेवा केन्द्रमार्फत सेवा गर्दै जाँदा २०३८ सालमा दोस्रो जन्म भएको हो । यस्तै, तेस्रो जन्म अद्वैत अध्यात्ममार्गको माध्यमबाट शिवोहम अर्थात् सर्वधर्म समभावनामा लागिरहँदा भएको उनको दाबी छ । सम्भवतः यो जन्म मृत्युपर्यन्त जारी रहने उनी बताउँछन् ।

यही र यस्तै भावमा आधारित उनको एउटा पुस्तक सार्वजनिक भएको छ- वेदादिशास्त्र समाज र कलियुग  तथा नेपालमा दलीय राजनीति ।

पुस्तकको शीर्षक हेर्दा लाग्छ, दुईवटा पुस्तकको संगालो हो । तर, अद्वैतवादको हिमायती गौतम भन्छन्- मान्छेले जुनसुकै वाद, शिद्धान्त, राजनीति वा आदर्शमा लागेका पनि आखिरमा हाम्रो संगमस्थल भनेको धर्म नै हुने गर्दछ । विश्वमा प्रचलित भनिएका चार हजार २०० भन्दा बढी धर्म सम्प्रदायको एउटै सार हुन्छ ।'

**परपीडनम् पापय, परोपकार पुण्याय् ।**

पुस्तकमा भनिएको छ- कुनै पनि जाति, धर्म, नश्ल, सम्प्रदायप्रति विभेद नगरौं । मार्गमात्र फरक हो अन्त्यमा शिवहम, शून्यवाद वा निर्वाणमा पुग्नु हो । एकै ईश्वरलाई कसैले अल्लाह भने कसैले यशु त कसैले शिव त कसैले... । तर, जसले जे नामबाट पुकारे पनि  धर्ममा द्वैत छैन, सबैमा अद्वैतभाव प्रकट हुनुपर्दछ । विश्वका प्रायः सबै धर्म सम्प्रदायले वर्तमान युग सृष्टिको अन्तिम समय भनिरहँदा वेदमा पनि सत्य, त्रेता, द्वापरमध्ये वर्तमान कलियुगलाई संसारकै अन्त्य भनिएको छ । तर, पुस्तकमा विष्णुपुराण तुल्सीदासको रामचरितमानसमा उल्लिखित स्लोक उद्धृत गर्दै भनिएको छ- यो युगमा शुद्ध चित्तले भगवानको नाम चिन्तनले मात्र पनि शून्यभाव ब्रह्मपद वा सत्ययुग प्राप्त गर्न सकिन्छ ।

**कलियुगको अन्त्य नजिक**

- पृथ्वी विजरहित मरुभूमिमा परिणत हुँदै जानेछ ।
- क्यान्सर, एचआइभी एड्स, हेपाटाइटिस बी, सी वर्तमानमा देखिएको कोरोनाजस्ता रोगहरू व्यापक बन्दै जाने छ तर, औषधिले नछुने ।
- राजा र सन्यासी पनि विश्वबाट लोप हुँदै जानेछ भने भएका पनि त्यागी नभई भोगी हुँदै छ ।
- मत्स्य न्यायको शिद्धान्तअनुसार 'जसके हातमे लाठी उसके भैंस'को आधारमा राजनीति अगाडि बढ्नेछ ।
- पण्डित जजमानहरू देखावटी पूजा भक्ति देखाउन गोप्य मन्त्र पनि माइक राखेर प्रसारण गर्दै जाने भक्ष अभक्ष जे पनि खाने हुन्छ ।
- पतिपत्नीबीच पनि परपुरुष परनारी गमन गर्नुलाई सामान्य बन्दै जाने छ ।
- सन्तानले मातापितासँग मुख लाग्ने, कुट्ने, पिट्ने र लुट्नेसमेत गर्नेछ ।

**तर, गीतामा श्रीकृष्णले भने जस्तैः**
**जो हुवा वह अच्छा हुवा ।**
**तुम्हारा क्या गया जो तुम रोते हो ?**
**तुम क्या लाय थे जो तुमने खो गया ।**
**जो लिया यही से लिया, जो दिया यही पर दिया ।**
**जो आज तुमारा हे वह कल किसिका थाः**

**को सत्य सन्देशलाई बुझेर जसले शून्य** ईश्वरसँगको योग ध्यान व्यायममा लीन हुन्छ । उसले सहजै सत्य युग प्राप्त गर्दछ- अद्वैतवादी गौतमको पुस्तकमा छ ।

त्यसैले त शुभकामना सन्देशमा प्रा.शिवगोपाल रिसाल भन्छन्, 'अद्वैतवादलाई प्रमाणित आधार दिन लेखक गौतमले वेदका मन्त्रदेखि मानसरामायणका दोहा, चौपाइसम्म, आद्य शंकराचार्यको विवेकदेखि बाइबल, कुरान र बौद्धशास्त्रको धम्मपदसम्मको सार समेटेर क्वाँटी बनाइदिनुभएको छ ।'






अद्वैतवादी लेखक गौतमले पुस्तकमा ब्राह्मण, क्षेत्री, वैश्य, शुद्र भेद छुवाछुत्को आधार नभई कर्मका आधारमा भएको दाबी गर्दै जसरी मनुष्यको रगतमा ए पोजिटिभ, बी पोजिटिभ, ओ पोजिटिभ, एबी पोजिटिभ र नेगेटिभ रगत एक आपसमा मिल्दैन त्यसैगरी कर्ममा पनि पेसाका आधारमा चार वर्ण नमिल्ने बताएको मात्र हो, भेदको लागि बनाएको दस्तावेज होइन भनी उल्लेख गरेका छन् ।

**अवजानन्ति मां मूढा मानुषीं तनुश्रितंम् ।**
**परं भावमजानन्तो मम भूतमहेश्वरम् ।। ९ ११**
**गीता**

यसको अर्थमा भनिएको छ- ईश्वरको मानव स्वरूपलाई नजान्नेले एक मानवले अर्को मानवलाई तुच्छ सम्झन्छन् । त्यो धर्म होइन भन्दै सर्वधर्म समभावका अभियन्ता गौतम भन्छन्- कविशिरोमणि लेखनाथ पौडेलको कविता

**म खाउँ मै लाउँ सुख सयल वा मोज मै गरुँ ।**
**म बाँचु मै नाचुँ अरू सब मरुन् दुर्लभहरू ।।**
**भनी दाह्रा धस्ने अबुझ सठदेखि छक्क : परी ।**
**चिता खित्का छोडी अभयसित हाँस्यो मरी मरी ।।**

लाई भित्री हृदयदेखि नै मनन गरी हामीले बाँच्नुपर्दछ, कि आफू मानसम्मानसहित बाँच्ने हो भने अरूको पनि सम्मान गरी दुःखी गरिब आत्माको सेवा गर्न सकेमात्र आफू आफ्नो परिवार, समाज सुखी हुनेछ ।

> **पुस्तकको शीर्षक हेर्दा लाग्छ, दुईवटा पुस्तकको संगालो हो । तर, अद्वैतवादको हिमायती गौतम भन्छन्- मान्छेले जुनसुकै वाद, शिद्धान्त, राजनीति वा आदर्शमा लागेका पनि आखिरमा हाम्रो संगमस्थल भनेको धर्म नै हुने गर्दछ । विश्वमा प्रचलित भनिएका चार हजार २०० भन्दा बढी धर्म सम्प्रदायको एउटै सार हुन्छ ।**

लाग्छ पुस्तक राजनीति, समाज सेवा र धर्मको त्रिवेणी हो भने अद्वैतवादी गौतमले आफू कांग्रेस हुनुको निरन्तरता नेपालका प्रथम राष्ट्रपति रामवरण यादवसमक्ष अन्तरधार्मिक परिषद् नेपालका अध्यक्षको हैसियतबाट धार्मिक सद्भावका लागि दिएको सुझावदेखि आत्रि वंशखण्डमा गौतम वंशावलीको ११७ पुस्तासम्मको पहिचान समेटेका छन्, पुस्तकमा ।

अन्त्यमा उनले माओवादी गतिविधिदेखि कांग्रेसको इतिहाससमेत समेटेर सर्वधर्म समभाव देखाएजस्तै सबै राजनीतिक पार्टीलाई पनि प्रजातान्त्रिक अस्तित्वका लागि स्वीकारेका छन् भने महाकवि लक्ष्मीपसाद देवकोटाले 'अखिरमा श्रीकृष्ण रहेछ एक' भनेजस्तै  अद्वैतवादी गौतमले 'म त भोलेनाथ शिवलाई नमस्कार गर्छु' भनेका छन् ।

*padamcha@hotmail.com*

## मनन्योग्य

### विदुर नीति

धैर्य, शान्ति, इन्द्रिय नियन्त्रण, शुद्ध व्यवहार, दया, कोमल वा नरम बोली र मित्रद्रोह नगर्नु यी सातवटा यस्ता गुण हुन् जसले मानिसको समुन्नति र प्रगति गराउँछ ।

जुन राजा वा मानिसले आफूमा आश्रित रहेका व्यक्तिहरू (भाइ, छोराहरू) लाई भाग-वण्डा, बाँडफाँड नगरेर सारा सम्पत्ति आफैले मात्र हडप्दछ । त्यस किसिमको दुष्ट स्वभाव भएको कृतघ्न एवम् निर्लज्ज राजा या मानिसलाई जनता एव्म हितैषी साथीभाइहरूले साथ दिन छाड्दछन् ।

जसरी सर्प पसेको घरको मानिसले रातमा निश्चित (मस्त) सँग सुत्न सक्तैन । त्यसैगरी यदि मानिस आफैं दोषी छ भने उसको अवगुणहरू बिलकुलै नभएका आफ्ना अन्तरङ्ग मित्रहरूलाई पनि चिदाउँछ (नाखुश पार्छ) त्यसैपछि उसले रातमा पनि सुखको निद्रा पाउँदैन ।

जुन मानिसलाई दोषरोपण गर्दा उनीहरू रिसाए भने आफ्नो जीवनवृत्तिमा असर पार्न जान्छ त्यस्ता मानिसलाई सदैव देवतालाई जस्तै गरेर खुसी राख्नुपर्दछ ।

जसले धन सम्पत्तिजस्ता कुरालाई स्त्री, बौलाहा, सामाजिक रूपले बहिष्कृत (पतित) अनि दुष्ट मानिसहरूको जिम्मामा सुम्पने गर्छ । यस्ता व्यक्तिहरूमा यी कुराहरू उपलब्ध हुनेवाला पनि छन् भने यसरी हुने सम्पत्तिको प्राप्तिलाई सन्देहात्मक रूपले हेर्ने गर्नुपर्दछ ।

जुन देशको शासन स्त्री, जुवाडे, बालक आदिको हातमा छ त्यस देशमा जनताको अवस्था ढुंगो वा पत्थरले बनेको डुंगामा चढेर गहिरो समुद्रको यात्रा गर्ने यात्रीहरूसरह हुन्छ, जो सधैं विपत्तिरूपी समुद्रमा डुब्दछन् ।

जो मानिस जे जत्ति काम गर्न आवश्यक छ त्यती मात्र काम गर्न संग्लन रहन्छ र धेरैमा हात हाल्ने, त्यस्तो मान्छेलाई म पण्डित हो भन्ने ठान्दछु । किनकि धेरै ठाउँमा हात हाल्नु भनेको संघर्षको कारण हुन जान्छ ।

**क्रमशः**

## पत्र-मञ्जुषा

### जनताले नयाँ ट्याक्सी चढ्न नपाउने हो ?

गत जेठ १५ गते संघीय सरकारले बजेट ल्यायो । प्रदेश सरकार र स्थानीय तहले पनि बजेट ल्याएका छन् । दुवैतिरको बजेटले विद्युतीय सवारीसाधनलाई प्राथमिकतामा राखेको छ । तर, विद्युत्बाट चल्ने कालो प्लेटको मिटर जडित ट्याक्सीतिर कसैको ध्यान गएन । यता, फो स्टक हुटवाला ट्याम्पोको दर्ता खोल्ने भनेर कहीं पनि उल्लेख गरेको पाइँदैन । सबै प्रदेशमा नयाँ ट्याक्सीको दर्ता विगत ३३ वर्षदेखि बन्द छ । फो स्टक विद्युतीय ट्याम्पोको दर्ता अहिलेसम्म सरकारले खोलेको छैन । दक्षिण एसियाकै प्रायःजसो मुलुकमा फो स्टक ट्याम्पो गुडिरहेका छन् ।

श्रीलंका, अफगानिस्तान, पाकिस्तान, भारतलगायत अन्य धेरै मुलुकले सहजता र सर्वसुलभता हेरेर यसलाई नै प्राथमिकतामा राखेको पाइन्छ । सरकारले उपत्यकामा यस्ता ट्याम्पो खोल्ने कुनै योजना अघि सारेको छैन । जसले गर्दा ट्याक्सीको ठगीधन्दा मौलाउँदो छ । यता, ट्याक्सी नछिर्ने बाटोमा पैदल यात्रा गर्नंपर्ने बाध्यता छ । भाडा पनि अत्यन्तै महँगो भएकाले जनता सीधै मर्कामा परेका छन् । जनतालाई सरकारले औलामा राखेर फनफनी घुमाएको छ । न विद्युतीय ट्याक्सीको दर्ता खोल्छ न बसको । अनि कसरी विद्युतीय सवारी प्राथमिकतामा पर्‍यो ? अहिलेको अवस्थामा विद्युतीय सवारी अति नै आवश्यक भइसकेको छ ।

तर, राज्यको चौथो अंगकै यतातर्फ ध्यान गएको छैन । कि सञ्चारमाध्यमलाई पनि जनताको कुरा उठाउन लाज लाग्छ ? सरकारले निजी प्लेटको विद्युतीय सवारी साधनमात्र भित्र्याउने हो कि भाडाको पनि । यसको जवाफ त जनताले स्पष्ट पाउनुपर्‍यो । प्रस्टरूपमा खुलाएर जवाफ पनि नदिने अनि जनतालाई सधैं दुःखको भारी बोकाइरहने । कस्तो सरकार हो यो ? आफ्नो प्रदेशमा ट्याक्सीको अभाव भएको सरकार र सञ्चारकर्मी दुवैले नदेखेकै हुन् ? साधन नहुँदा सुत्केरीहरूले बाटोमै आफ्नो ज्यान गुमाउनुपर्ने बाध्यता छ । उता, बुढाबुढी, बालबच्चा र बिरामीलाई पनि उत्तिकै सास्ती । आमनागरिकले देख्ने जनताको समस्या राज्यले किन देख्दैन ?

जनताको समस्या समाधान गर्नं सरकारको दायित्व हो । सम्बन्धित निकायले सरकारलाई घच्घचाउन पर्छ । ट्याक्सीमा भएको सिण्डिकेट र एकाधिकार तोड्न सरकार असफल हुँदा जनताले महँगो पैसा तिरेर पनि राम्रो सेवासुविधा पाएका छैनन् । पछिल्लो समय बारम्बार पेट्रोलको मूल्य बढिरहेको छ । नेपाल आयल निगम आफैं पनि चुलुम्मै डुबिसकेको छ । पेट्रोलको मूल्य बढेर १९९ रूपैयाँ पुगेको छ । एक लिटर पेट्रोलले ट्याक्सी २०/२२ किलोमिटर गुड्छ । ट्याक्सीमा चढ्नेबित्तिकै यात्रुले सेवा शुल्कबापत त्यत्तिकै ५० रूपैयाँ तिर्नंपरेको छ ।

यदि नयाँ ट्याक्सी आयो भने सित्तैमा नम्बर प्लेट पाइन्छ । एकाधिकार र सिण्डिकेट पनि तोडिन्छ । बागमती प्रदेश सरकारले स्क्रयाब गरेको नम्बर प्लेटमा नयाँ ट्याक्सी दर्ता गर्न दिने भनेको छ । यसले नयाँ ट्याक्सी नआउने निश्चित भएको छ । एउटै व्यवसायीले ३८ वर्ष कमाइसकेका छन् । अब २० वर्ष जोड्दा ५८ वर्ष पुग्छ ।

*अनुसा थापा, भक्तपुर*

### महँगीको मारमा गरिब जनता

हेर्दाहेर्दै पेट्रोलियम पदार्थको भाउ बढेको बढ्यै छ । यसले सर्वसाधारणलाई के कस्तो असर पार्छ भन्ने विषयमा सम्बन्धित निकायले कुनै चासो दिएको देखिन्न । निरन्तर मूल्यवृद्धिले सबैभन्दा बढी मारमा निम्न वर्गीय परिवार परेका छन् ।

पेट्रोलियम पदार्थले मूल्यवृद्धिको निहुँमा पारेर व्यापारीले बजार भाउ मनलाग्दी बढाएका छन् । पेट्रोलियम पदार्थको भाउ बढ्नेबित्तिकै गाडीवालाले मनलाग्दी भाडा बढाइसके । दैनिक उपभोग्यवस्तुको भाउ बढिसक्यो । पेट्रोलियम पदार्थको भाउ बढ्नेबित्तिकै सरकारले यातायातको भाडा बढाउँछ, तर गरिब जनताबारे कहिल्यै सोच्दैन । सरकार तिम्रो कानुन नै यही हो ? के नेपाली जनतालाई यसरी नै लुटेर आफू धनी बन्ने हो ?

*सरिता तामाङ, ख्वप कलेज, भक्तपुर*

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



नमूना अभ्यासमा | जिल्ला विपद् व्यवस्थापन समितिको आयोजनामा शनिबार बेसीसहर नगरपालिका वडा नं १ र २ मा पर्ने मर्स्याङ्दी नदीमा गरिएको नमूना विपद् अभ्यास कार्यक्रममा मर्स्याङ्दी नदीले बगाएर ल्याएको युवाको सुरक्षाकर्मीहरूद्वारा उद्धारपश्चात् एम्बुलेन्सतर्फ लैजाँदै ।

*तस्बिरः रासस*

# ‘प्रदेशसभा निर्वाचनमा वाम गठबन्धनको सम्भावना न्यून’



■ प्रभाव संवाददाता

**सिन्धुपाल्चोक–** नेकपा माओवादी केन्द्रका नेता वर्षमान पुनले प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा वाम गठबन्धन हुने सम्भावना न्यून रहेको जानकारी गराएका छन् ।

शनिबार सिन्धुपाल्चोकमा पार्टीबाट निर्वाचित जनप्रतिनिधिको बधाइ तथा शुभकामना आदान प्रदान कार्यक्रममा उनले नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको कारण वाम गठबन्धनको सम्भावना नभएको बताए । उनले केपी ओली प्रवृत्तिको कारण संविधान र लोकतन्त्र नै खतरामा परेको अवस्थामा गठबन्धन बनेको बताए । बाम गठबन्धनलाई जनताले चाहेको र रुचाएको भएपनि राज्यको प्राथमिकता छोडेर कम्युनिस्ट भएर धार्मिक अन्धतामा मात्र रमाउने र स्वच्छाचारी ओली प्रवृत्तिका कारण बामगठबन्धनको अहिले सम्भावना नभएको बताए ।

कांग्रेससँगको गठबन्धनबारे जानकारी गराउँदै नेता पुनले गएको स्थानीय तहमा प्रदेश र संघको चुनावमा नेपाली कांग्रेसले खुब चलाखी चलाएको बताए । उनले स्थानीय तहको चुनावमा कांग्रेसले आफू जित्ने ठाउँमा माओवादीलाई अरूसंग गठबन्धन गर्न नदिने, माओवादी जित्ने ठाउँमा अरूसँग गठबन्धन गर्ने अनि आफू एक्लै जित्ने ठाउँमा एक्लै लड्ने र जसरी हुन्छ जित्ने चलाखी गरेको जानकारी गराए । उनले भने, ‘स्थानीय तह निर्वाचनमा कांग्रेसले गठबन्धनको नाममा चलाखी गरेको देखियो । आफू जित्ने ठाउँमा माओवादीलाई अरूसँग गठबन्धन गर्न नदिने, माओवादी जित्ने ठाउँमा अरूसँग गठबन्धन गर्ने अनि आफू एक्लै जित्ने ठाउँमा एक्लै लड्ने गरेको देखियो अब आउने निर्वाचनमा कांग्रेसको त्यस्तो चलाखी चल्दैन ।’

कांग्रेसको चलाखीका बाबजुद अझै कांग्रेससँगको गठबन्धनको औचित्य नसकिएको उनको टिप्पणी छ । यद्यपि गठबन्धन सम्मानजनक हुनुपर्ने र नभएमा टुट्न सक्ने उनको भनाइ छ । उनले कांग्रेसको यही रवैयाका कारण गठबन्धनमा समस्या आएको बताए । उनले भने, ‘अहिलेकै गठबन्धनलाई निरन्तरता दिने पक्षमा हामीहरू छौं तर सम्मानजनक गठबन्धन भएन भने गठबन्धन टुट्न पनि सक्छ ।’

स्थानीय तहको निर्वाचनको परिणाम माओवादीले सोचेभन्दा केही कम आएपनि माओवादी केन्द्र भरोसा योग्य पार्टीको रूपमा जनताको बीचमा स्थापित भएको र जनताले विश्वास पनि गरेको उनले बताए । कसै कसैले निर्वाचनमा माओवादी केन्द्र पत्तासाफ हुने भनेपनि त्यसो नभएको उनको भनाई थियो ।

उनले कहिले सानो, कहिले ठूलो पार्टी बनेर माओवादी पार्टी रहिरहने सन्देश स्थानीय तहको चुनावले दिएको बताए ।

# ककनी गाउँपालिकाले तीन पाने कोदोको रक्सी ‘ब्राण्डिङ’ गर्ने

■ प्रभाव संवाददाता

**नुवाकोट–** ककनी गाउँपालिकाले आगामी आर्थिक वर्ष ०७९/०८० का लागि चालुतर्फ ३९ करोड ३९ लाख र पुँजीगत तर्फ १८ करोड ८३ लाख गरी जम्मा ५८ करोड २२ लाख रुपैयाँको बजेट सार्वजनिक गरेको छ ।

शुक्रबार गाउँपालिका अध्यक्ष सुमन तामाङ ‘सज्जन’ले १८१ बुँदे नीति तथा कार्यक्रमलाई व्यवस्थित र पारदर्शी तवरले पेस गरेका छन् । गाउँपालिकाको नीति तथा कार्यक्रममा प्रमुख बुँदागत रूपमा पेस गरेका थिए । पहिलो बुँदामा नै ककनी गाउँपालिकालाई दूध, मासु र तरकारीमा आत्म निर्भर घोषणा गरिएको छ । गाउँको विकासको लागी वर्षको उत्कृष्ट करदाता उद्योगी तथा व्यवसायीलाई सम्मान गरिदाँ उनीहरू प्रोत्साहित हुने उल्लेख छ ।

त्यस्तै पालिका भित्रका डाक्टर तथा इन्जिनियर अध्ययन गर्ने विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था गर्ने उल्लेख छ ।




सामुदायिक विद्यालयको शैक्षिक सुधारको लागि प्रधानाध्यापकहरू सँग करार सम्झौता गर्ने र किशोरीहरूको सुरक्षाको लागि आत्मरक्षाको तालिम सञ्चालन गरिने जनाइएको छ ।

त्यस्तै पालिकाको केन्द्रमा बहुउद्देश्यीय कर्भडहल निर्माण गरिने, एक वडा एक एम्बुलेन्स सेवाको सुरुवात गरिने र राष्ट्रिय स्तरको तामाङ सङ्ग्रहालयको स्थापना गर्ने उदेश्य लिएको छ ।

त्यस्तै डम्पीङ साइडको फोहोरको वैज्ञानिक तवरबाट व्यवस्थापन गर्ने, प्रत्येक महिना ‘जनतासँग अध्यक्ष’ कार्यक्रम मार्फत नागरिक भेटघाट तथाजनगुनासो संकलन गरी समाधान गर्ने भनिएको छ । स

वारी साधन तथा विलासीका कुनै पनि सामग्रीहरू खरिद नगर्ने, लगानी सम्मेलन गर्ने, सहिद स्तम्भ निर्माण गर्ने उल्लेख छ । स्थानीय स्तरमा पाइने तीन पाने कोदोको रक्सी’ (आइरक) लाई ब्राण्डिङ गर्नका लागि आवश्यक नीति निर्माण गर्ने बजेटमा उल्लेख छ ।


Madhesh Province Government

**Ministry of Physical Infrastructure Development**

**Water Resource and Irrigation Development Division, Bara, Nepal**

## INTENTION TO AWARD

**(Date of Publication: 2079-03-12(26thJune 2022)**

Pursuant to Clause 27(2) of Public Procurement Act 2063 together with ITB 33.1 and ITB 39.1 of the bidding document, this is to notify all that the following lowest evaluated substantially responsive bidders have been selected to award the following contracts as per Invitation for Bids published on 11thMay 2022, in "Prabhab Daily".

| S.N. | Contract No. | Description of Work | Name and Address of Bidder | Bid price (Including VAT) |
|---|---|---|---|---|
| 1 | AKIP/WRIDD-BARA/ MIP/NCB-01/078-79 | Construction of Headworks, Canal and Canal Structures of Aruwa Khola Irrigation Project, Simraungadh Na.Pa, Bara | Ishan-Chhathiya JV, Kalaiya-14, Bara | 7,43,49,904.16 |
| 2 | GIP/WRIDD-BARA/ MIP/NCB-02/078-79 | Construction of Headworks, Canal and Canal Structures of Gerkahi Irrigation Project, BaragadhiGa.Pa, Bara | Ishan Construction Pvt.Ltd, Kathmandu, Nepal | 6,15,45,725.13 |
| 3 | BIP/WRIDD-BARA/ MIP/NCB-03/078-79 | Construction of Headworks, Canal and Canal Structures of Babhani Irrigation Project, KolbhiNa.Pa, Bara | Prithivi Engineers & Builders Pvt. Ltd., Battisputali, Kathmandu | 6,47,77,439.16 |

**Division Chief, WRIDD,Bara**



## ZERO COST RECRUITMENT FOR MALAYSIA

**सून्य लागत सहित मलेसियामा वैदेशिक रोजगारको अवसर**

**Free Visa! Free Ticket, Free Medical. No Any Service Charge**

**नि:शुल्क भिषा, टिकट, स्वास्थ्य जाँच र कुनैपनि सेवा शुल्क नलाग्ने**

कम्पनी : **ENCOMPAS INDUSTRY SDN.BHD**

Pre Approval Date : 2022-06-25 / पूर्व स्वीकृति मिति : २०७९/०३/११ | LT. No. 265686 / एल टि न. २६५६८६ | Invoice No. 60181775 / चलानी नं. ६०१८१७७४

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | माग संख्या Required No's महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब: Monthly Salary रिंगिट MYR | मासिक तलब: Monthly Salary ने.रू. NPR | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | कारखानामा काम गर्ने Factory Worker (Manufacturing Sec.) | ४०० 400 | 0 0 | आधारभूत अङ्ग्रेजी पढन, लेख्न र बोल्नमा दक्ष Proficient in reading, writing & speaking basic English | १५०० 1500 | ४२,३७० 42,370 | क. नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | क. नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

**Candidates are invited to apply without any middle man, Not required to pay any fees for this recruitment. If any one pays for this recruitment MHR do not have any responsibilities .**

यस मास ह्युमन रिसोर्स प्रा.लि को कुनै शाखा वा मध्यस्वकर्ता छैनन् । यस कम्पनीमा जानका लागि कामदारबाट कुनैपनि शुल्क लिइने छैन यदि कसैले लिएमा यस प्रा. लि. जिम्मेवार हुने छैन ।

**नोट:** MHR holds zero tolerance towards any kind of corruption, misconduct. All our valuable stakeholders are welcome to reach us through our hotline no. **+977-1-4983080** or email : **grievance.massmngt@gmail.com** directly. MHR will maintain your privacy.

हामी कुनैपनि प्रकारको भ्रष्टाचार/ दुराचार प्रति शून्य सहनशीलता राख्छौं । हाम्रा सबै मूल्यवान सरोकारवलाहरुल(ई हाम्रो हटलाइन नम्बर वा इमेल मार्फत सम्पर्क गर्न अनुरोध छ । हामी तपाईको गोपनियता कायम राख्नेछौं ।

**अन्तरवार्ता हुने स्थान: म्यानवापर कम्पनी काठमाडौं मिति : असार १९ गते (3rd July. 2022) मा हुनेछ ।**

**अन्तर्वार्ता कोभिड-१९ को सुरक्षा प्रक्रिया र सामाजिक दूरी कायम गरी आयोजना गरिनेछ।**
**Interview shall be conducted adhering to social distancing guidelines and COVID-19 protocols.**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमाकसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Mass Human Resource Pvt. Ltd.** Govt. License 938/067/068

Samakhusi, KTM, Nepal, TEL: 4983088, 4955765

प्रभाव दैनिक




## राजेन्द्र र अस्मिताको 'सुगर फ्रि'

राजेन्द्र बुढाथोकी र अस्मिता अधिकारीको स्वर रहेको गीत 'सुगर फ्रि...' सार्वजनिक भएको छ । गीतमा राजेन्द्र बजगाईको संगीत तथा संगीत संयोजन रहेको छ । अम्बिका थापाको शब्द रहेको गीतको भिडियोमा सागर लम्साल, अञ्जली अधिकारी र श्रीदेव भट्टराईको अभिनय छ । भिडियोको कोरियोग्राफी दीपक सिंहले गरेका हुन् । त्रिमूर्ति इन्टरटेन्मेन्टबाट सार्वजनिक भिडियोमा नवराज उप्रेतीको छायांकन, विकास ज्ञवालीको सम्पादन रहेको भिडियो राजेन्द्र बजगाईंले निर्देशन गरेका हुन् ।



आइतबार, १२ असार २०७९ (Sunday, June 26, 2022)




# अभिनेता अभिनेत्रीले नछोएरै सकियो प्रेमगञ्जको शीर्ष गीत

**काठमाडौं (प्रस)–** परिच्छेद सेनको डेब्यू निर्देशन रहेको चलचित्र 'प्रेमगञ्ज'को शीर्ष गीत 'माथि माथि आकाशमा' सार्वजनिक भएको छ । गीतमा बेनिशा हमाल, तेज गिरि, राइडर प्रशन, सुप्रिया खनाललाई देख्न सकिन्छ । चलचित्रले दुई कालखण्डको प्रेमकथालाई प्रस्तुत गरेको छ ।

तेज र बेनिशाले युवा उमेरका मैनाराजाको भूमिकामा अभिनय गरेका छन भने प्रशन र सुप्रियाले टिनएजर मैनाराजाको भूमिका निर्वाह गरेका छन् । गीतको कोरियोग्राफीमा एक अर्कामा अगाध प्रेम देखाइए पनि एकले अर्कोलाई नछोई प्रेमभाव प्रदर्शन गरेका छन् ।

कोरियोग्राफीको यो शैलीलाई प्रष्ट पार्दै परिच्छेद भन्छन्, 'चलचित्रको टर्निङ पोइन्ट त्यही नै हो र चलचित्रको सम्पूर्ण कथा उनीहरूको त्यही माया गर्ने शैली भित्र लुकेको छ ।'

चलचित्रको टिजरमा पनि राजाले मैनाको छायाँलाई स्पर्श गर्ने कोशिस गरेको दृश्य देख्न सकिन्छ । टिनएजदेखि युवा अवस्थासम्म एकले अर्कोलाई नछोई कसरी प्रेम गर्न सके ? यो कौतुहलता मेटाउन हल जानुपर्ने निर्देशक परिच्छेदको जिकिर छ । गीतको कोरियोग्राफी निर्देशक परिच्छेद स्वयंले गरेका हुन् ।

चलचित्रको गीतमा पुरुषोत्तम ढुङेलको शब्द रचना छ भने किरण भुसालको संगीत रहेको छ । सुगम पोखेल र अस्मिता अधिकारीको आवाज रहेको गीतलाई सञ्जय लामाले छायांकन गरेका हुन् । अनन्तमान श्रेष्ठ कार्यकारी निर्माता रहेको चलचित्रको लेखक पनि परिच्छेद सेन नै हुन ।

फिल्ममा बेनिशा हमाल, तेज गिरीका अलावा सुरक्षा पन्त, सम्पदा बानियाँ, राइडर प्रशान्त, सुप्रिया खनाल, सिमरन खड्का, पवन भट्टराई, नरेश पौडेल, रश्मि भट्ट, गीता अधिकारी, सन्जोग रसाइलीको आदि कलाकारको अभिनय रहेको छ ।

स्पट व्यायका रूपमा लामो समय काम गरेका राजु फुयाँलको प्रस्तुति रहेको फिल्म चलचित्र चौतारीको ब्यानरमा बनेको हो । सञ्जय लामाको छायाङ्कन रहेको फिल्म डेढ करोडको लगानीमा बनेको हो । चलचित्रको ट्रेलर साउन १० गते रिलिज हुँदैछ भने भदौ ३ गते नेपाललगायत भारतका केही सहरमा चलचित्र एकसाथ प्रदर्शन हुँदै छ ।

# भानु जयन्तीमा राष्ट्रियस्तरको कविता प्रतियोगिता हुने



■ प्रभाव संवाददाता

**तनहुँ –** राष्ट्रिय विभूति आदिकवि भानुभक्त आचार्यको २०९औँ जन्मजयन्तीका अवसरमा राष्ट्रियस्तरको खुला कविता प्रतियोगिता आयोजना गरिने भएको छ । आदिकवि भानुभक्त जन्मस्थल विकास समितिले आचार्यको जन्मजयन्तीका अवसरमा खुला कविता प्रतियोगिता आयोजना गर्न लागेको हो ।

समितिले भानुभक्तको जन्मजयन्ती तीन दिन विविध कार्यक्रमका साथ मनाउँदैछ । सोही क्रममा खुला कविता प्रतियोगिता गर्न लागिएको समितिका कार्यकारी निर्देशक शङ्कर रानाभाटले जानकारी दिए ।

प्रतियोगितामा प्रथम हुनेलाई रु २० हजार, द्वितीय हुनेलाई रु १५ हजार, तृतीय हुनेलाई रु १० हजार र सान्त्वना हुने दुई जनालाई जनही रु पाँच हजारका दरले पुरस्कार वितरण गरिनेछ । सहभागीले यही असार २० गतेभित्र कविता पठाइसक्नुपर्ने समितिले जनाएको छ । सहभागीले इमेल गरेर कविता पठाउन सक्नेछन् । छनोटमा परेका कविले असार २८ गते स्वयं उपस्थित भई कविता वाचन गर्नुपर्नेछ ।

कविता नेपाली भाषामा लेखिएको हुनुपर्ने, दुई शब्दमा नबढाइ युनिकोडमा टाइप गरेको हुनुपर्ने, कविता कसैको व्यक्तिगत चरित्र, राष्ट्र, धर्म, जातजाति र राजनीतिक आक्षेप लगाउने किसिमको हुन नहुने जनाइएको छ ।

भानुजयन्तीका अवसरमा असार २७ गते स्थानीय मठमन्दिरमा पूजाअर्चना र साँझ दिपावली, २८ गते भानुभक्तीय रामायण वाचन प्रतियोगिता, राष्ट्रियस्तरको खुला कविता प्रतियोगिता र विद्यालयस्तरीय खुला कविता प्रतियोगिता, असार २९ गते प्रभातफेरि, भानुभक्तको शालिकमा माल्यार्पण, श्रद्धाञ्जलि सभा, साहित्य तथा सांस्कृतिक कार्यक्रम गरिनेछ ।

विसं १८७१ असार २९ गते भानु नगरपालिका-४ चुँदीरम्घामा आचार्यको जन्म भएको थियो । भानु जयन्तीका अवसरमा गण्डकी प्रदेश सरकारले असार २९ गते सार्वजनिक बिदा दिएको छ ।

नेपाली साहित्यका प्राथमिक कालका प्रतिनिधि कविका रूपमा परिचित भानुभक्त बाल्मिकी रामायणका अनुवादकका रूपमा प्रख्यात छन् । मोतिराम भट्टले उनलाई पहिलोपटक नेपाली भाषाका आदिकवि उपाधि दिएका थिए । भानुभक्तले प्रश्नोत्तर, भक्तमाला, बधुशिक्षालगायतका कृति लेलेख्नुभएको छ भने उनका पाण्डुलिपिलाई सङ्ग्रह गरेर मोतीरामले पुस्तकाकारमा प्रकाशित गरेपछि नेपाली साहित्यिमा चिनिएका थिए ।

## रंगशाला

# आइसिसी प्रतिनिधि नेपालमा



■ प्रभाव संवाददाता

**काठमाडौं–** अन्तर्राष्ट्रिय क्रिकेट परिषद (आइसिसी) ले औपचारिक रूपमा नेपाल क्रिकेट संघ (क्यान) माथिको सम्पूर्ण निलम्बन फुकुवा भएको जानकारी गराएको छ ।

नेपाल भ्रमणमा रहेका आइसिसीको प्रतिनिधिले शनिबार क्यानमाथिको सम्पूर्ण निलम्बन फुकुवा भएको जानकारी गराएको हो । आइसिसीले गत जेठ ३१ गते क्यानमाथिको आर्थिक नियन्त्रण हटाएको थियो । आर्थिक नियन्त्रण हटेसँगै क्यानमाथिको निलम्बन पूर्ण रूपमा फुकुवा भएको हो ।

आइसिसी डेभलप्मेन्टका चेयरम्यान इमरान ख्वाजाले नेपालले पूरा गर्नु पर्ने सबै प्रावधान चरणबद्ध तरिकाले पूरा गरेको कारण सबै निलम्बन फुकुवा भएको बताए ।

ख्वाजाले नेपाली क्रिकेट विकासका लागि आइसिसी प्रतिबद्द रहेको समेत बताए । नेपाली क्रिकेटको भौतिक पूर्वाधारका लागि सरकारले चासो देखाएकोमा आफूहरू सकारात्मक भएको ख्वाजाले बताए ।

क्यानका अध्यक्ष चतुर बहादुर चन्दले अब आर्थिक गतिविधिसहितको सबै निलम्बन हटेको र क्यानले आफ्नो योजना स्वतन्त तरिकाले अगाडि बढाउन पाउने बताए ।

आइसिसी डेभलप्मेन्टका चेयरम्यान ख्वाजासँगै आइसिसी डेभलप्मेन्टका जेनरल म्यानेजर विलियम्स ग्लानराईट र आइसिसी फाइनान्स एन्ड ओपरेसन अफिसर नितिशा कोठारी नेपाल भ्रमणमा रहेका छन् ।

क्यानमा राजनीतिक हस्तक्षेप र आर्थिक पारदर्शिता कायम नभएको भन्दै आइसिसीले सन २०१६ अप्रिलमा निलम्बन गरेको थियो । यद्यपी नेपालले अन्तर्राष्ट्रिय प्रतियोगितामा पनि सहभागिता जनाउँदै आएको थियो ।

२०७६ साल असोज ११ र १२ गतेको विशेष साधारणसभाबाट नयाँ निर्वाचित कार्यसमिति आएपछि आइसिसीले क्यानको निलम्बन फुकुवा भएको थियो । तर, आइसिसीले क्यानको आर्थिक नियन्त्रण फुकुवा गरेको थिएन ।

# चेस ओलम्पियाडका लागि खेलाडी छनोट

**काठमाडौं (प्रस)–** चेस ओलम्पियाडको ४४ औं संस्करणमा सहभागी हुने नेपाली खेलाडीको टुंगो लागेको छ । शनीबार काठमाडौंमा सम्पन्न छनोट खेलबाट खुला मिलन लामा, क्षितिज भण्डारी र रूपेस जयसवाल छनोट भएका हुन् ।



मिलन र क्षितिजले ५ अंक पाए भने रूपेसले ४.५ अंक पाए । वर्तमान राष्ट्रिय च्याम्पियन पुरुषोत्तम चौलागाई र शीर्ष बरिएताका विवेक थीङ स्वत: छनोट भइसकेका छन् । यसैगरी, महिला तर्फ कृत्तीसरा अधिकारी, अनिसा न्यौपाने, विनीता कपाली र शान्ति धिमाल छनोट भए ।

कृत्तीसराले ५.५ , अनिसा र विनीताले ५ तथा शान्तिले ४.५ अंक हात पारे । राष्ट्रिय च्याम्पियन तथा शीर्ष वरियताकी सुना लोहनी स्वत: छनोट भएकी छिन् ।

# हर्डल्समा जयरानीको राष्ट्रिय कीर्तिमान



■ प्रभाव संवाददाता

**काठमाडौं–** त्रिभुवन आर्मी क्लबकी जयरानी थारुले ४ सय मिटर हर्डल्समा राष्ट्रिय कीर्तिमान बनाएकी छिन् । नेपाल एथलेटिक्स संघको आयोजनामा भईरहेको ४४ औं राष्ट्रिय एथलेटिक्स प्रतियोगिता अन्तर्गत शनिबार जयरानीले राष्ट्रिय कीर्तिमान बनाएकी हुन् ।

दशरथ रंगशालामा जयरानीले निर्धारित दुरी १ मिनेट ०७ दशमलब २ सेकेण्डमा पूरा गर्दै राष्ट्रिय कीर्तिमानसहित स्वर्ण पदक जितेकी हुन् । जयरानीले छैटौं राष्ट्रिय खेलकुदमा एपीएफकी सविता चौधरीले बनाएको १ मिनेट ०७.७ सेकेन्डको कीर्तिमान भंग गरेकी हुन् ।

आर्मीकै निर्मला थापाले १ मिनेट ०८ दशमलब ७ सेकेण्डमा पूरा गर्दै रजत जितिन् । एपीएफकी कल्पना श्रेष्ठले १ मिनेट ०९ दशमलब ७ सेकेण्डको समयसहित कास्य जितिन् । पहिलो दिन शुक्रबार जयरानीले १ सय मिटर हर्डल्समा १५.२० सेकेन्डको कीर्तिमान रचेकी थिइन् । यसअघि उक्त कीर्तिमान प्रमिला थारुको नाममा थियो । प्रमिलाको टाइमिङ १६.३८ सेकेन्ड थियो ।

शुक्रबारै आर्मीका जीवन थारुले पुरुष १ सय १० मिटर हर्डल्समा १४.९६ सेकेन्डको कीर्तिमान बनाएका थिए । उनले आफ्नै नाममा रहेको १५.६० सेकेन्डको कीर्तिमान सुधार गरेका थिए । ४ सय मिटर पुरुषतर्फ आर्मीका राम प्रसाद थारुले ५५ दशमलब ९ सेकेण्डको समयसहित स्वर्ण जिते । आर्मीका जीवन थारु ५६ दशमलब ७ सेकेण्डसहित दोस्रो हुँदा मधेश प्रदेशका मुकेश थारु ६५ दशमलब १ सेकेण्डसहित तेस्रो भए ।

जयरानीले महिला लङजम्पका पनि स्वर्ण हात पारिन् । जयरानीले ५ दशमलब १३ मिटर जम्प गरिन् । एपीएफकी शिला चौधरी ५ दशमलब ०३ मिटरसहित दोस्रो हुँदा पुलिसकी शिमा चौधरी ४ दशमलब ७८ मिटरसहित तेस्रो स्थानमा रहिन् ।

पुरुषतर्फ ६ दशमलब ८५ मिटरका साथ एपीएफका सलिम दिवामले स्वर्ण जिते । आर्मीका शेरबहादुर विष्टले ६ दशमलब ७५ मिटर दुरी फाल्दै रजत जित्दा लुम्बिनिका सुदिप थारुले ६ दशमलब ६५ मिटरका साथ कास्य जिते । ८ सय मिटरको पुरुषमा आर्मीका सोम बहादुर कुमालले स्वर्ण जिते । उनले १ मिनेट ५६ दशमलब १५ सेकेण्डको समय निकाले । आर्मीकै सुनिल सुनारले १ मिनेट ५६ दशमलब ७२ सेकेण्डको समय निकाल्दै रजत जित्दा पुलिसका तेज बहादुर कार्कीले १ मिनेटमा ५६ दशमलब ७९ सेकेण्डसहित कास्य जिते ।

महिलातर्फ एपीएफकी फुलमती रानाले स्वर्ण जितिन् । उनले २ मिनेट १६ दशमलब ८ सेकेण्डको समय निकालिन । कर्णालीकी राममाया बुढाले २ मिनेट २० दशमलब ५ सेकेण्डको समय निकाल्दै रजत जित्दा आर्मीकी राधिका श्रेष्ठले २ मिनेटमा २७ दशमलब ७ सेकेण्डसहित कास्य जितिन् ।

२ सय मिटरमा एपीएफका शिवराज पार्कीले २१ दशमलब ९२ सेकेण्डको समय निकाल्दै स्वर्ण जिते । कर्णालीका दिल्ली भण्डारीले २२ दशमलब ४१ सेकेण्डसहित रजत जित्दा एपीएफका आशिष चौधरीले २२ दशमलब ५० सेकेण्डसहित कास्य जिते ।

२ सय मिटर महिलातर्फ आर्मीकी सरस्वती चौधरीले २५ दशमलब ४८ सेकेण्डसहित स्वर्ण जिते । एपीएफकी रमिता कुमारी थारु २६ दशमलब ०२ सेकेण्डसहित रजत जित्दा बागमतीकी लुलजा अमात्यले २७ दशमलब ४० सेकेण्डसहित कास्य जितिन् ।



शरणार्थी संग्रहालय | डेनमार्कको ओक्सबोएल सहरमा स्थापना गरिएको शरणार्थी संग्रहालय। दोस्रो विश्वयुद्धको समयमा जर्मनीबाट भागेर आएका शरणार्थीहरूको कथा समेटेर उक्त संग्रहालय स्थापना गरिएको बताइएको छ। *तस्बिरः एपी*

# हङकङको भ्रमण गर्दै राष्ट्रपति सी

**हङकङ–** चीनका राष्ट्रपति सी चिनफिङ हङकङको भ्रमणमा आउने भएका छन्। बेलायतले हङकङ सहर चीनलाई हस्तान्तरण गरेको २५औं वार्षिकोत्सवका अवसरमा आगामी साता यहाँ आयोजना हुने समारोहमा सहभागी हुन उनी भ्रमणमा निस्कन लागेका हुन्।

कोभिड-१९ को महामारीपछि मुख्यभूमि चीनबाट उनको यो पहिलो भ्रमण हो। राष्ट्रपति सीको उपस्थितिमा हुने भव्य समारोहमा हङकङ सहरका नयाँ नेता जोन लीले शपथ लिने कार्यक्रम रहेको समाचार एजेन्सी सिन्ह्वाले जनाएको छ। चिनियाँ कम्युनिस्ट पार्टी केन्द्रीय समितिका महासचिव तथा केन्द्रीय सैन्य आयोगका अध्यक्ष सी हङकङ विशेष प्रशासनिक क्षेत्रको छैटौं कार्यकालको उद्घाटन समारोहमा पनि सहभागी हुने छन्।

हङकङका अधिकारीले कोभिड-१९ को महामारी प्रतिबन्ध र सुरक्षा कारण जनाउँदै नयाँ नेता लीको शपथ ग्रहण समारोहको समाचार संकलन गर्न केही सञ्चारगृहमाथि प्रतिबन्ध लगाएका छन्। यद्यपि, यसरी प्रतिबन्ध लगाइएका सञ्चारगृहका प्रतिनिधि नियमितरूपमा आयोजना हुने



सरकारी प्रेस सम्मेलनमा भाग लिने गरेका छन्।

अधिकारीले सीको उपस्थितिमा हुने कार्यक्रममा जापान निक्की, असाही शिम्बुन, र क्योडो न्यूज, ताइवानको सिटिभी, अमेरिकाको गेटी इमेजका साथै हङकङको इनमिडिया र हङकङ फ्रि प्रेसलाई प्रवेश निषेध गरिएको छ। हङकङ पत्रकार संघले प्रशासनको उक्त निर्णयप्रति गम्भीर चिन्ता व्यक्त गरेको छ। संघले इच्छुक सञ्चारगृहका प्रतिनिधिलाई प्रवेशको अनुमति दिन आग्रह गरेको छ। जनतालाई जानकारी गराउने कर्तव्यबाट सञ्चारकर्मीलाई रोक लगाउन नहुने उसले बताएको छ।

गत महिना राष्ट्रपति सीले नवनियुक्त हङकङ प्रमुख कार्यकारीलाई भेटेर अराजकताबाट सुव्यवस्थातर्फ हङकङ अघि बढेकामा उनलाई धन्यवादसहित बधाई दिएका थिए। देश र हङकङलाई माया गर्ने अटल अडान कायम भएका, जिम्मेवारी वहन गर्न इच्छुक तथा सक्रियतापूर्वक आफ्नो कर्तव्य निर्वाह गरेकोमा लीको प्रशंसा गर्दै राष्ट्रपति सीले विभिन्न भूमिकामा रास्ट्रिय सुरक्षा, हङकङको समृद्धि र स्थायित्वको रक्षाका लागि उनले गरेको योगदानको सराहना पनि गरेका थिए। नवनियुक्त ६४ वर्षीय नेता लीले वर्तमान प्रमुख कार्यकारी क्यारी ल्यामबाट आगामी शुक्रबार कार्यभार सम्हाल्ने छन्। सन् १९९७ जुलाई १ मा बेलायतले 'एक राष्ट्र, दुई प्रणाली' ढाँचाअनुसार बेइजिङलाई हङकङ हस्तान्तरण गरेको हो। *रासस/एएनआई*

# अमेरिकी उच्चस्तरीय प्रतिनिधिमण्डल कोलम्बो भ्रमणमा



**कोलम्बो–** आर्थिकरूपमा धराशायी भएको घोषणा गरेको श्रीलंकालाई सघाउन अमेरिकी उच्चस्तरीय प्रतिनिधिमण्डल यहाँ आउने भएको छ। अमेरिकी अर्थ मन्त्रालय र विदेश मन्त्रालयको प्रतिनिधित्व गर्दै उच्च प्रतिनिधिमण्डलको टोली आज (आइतबार) यहाँ आउन लागेको हो। प्रतिनिधिमण्डलले विभिन्न राजनीतिक दलका प्रतिनिधि, अर्थशास्त्री र अन्तर ाष्ट्रिय संघसंस्थाका पदाधिकारीसँग भेटघाट गर्ने कार्यक्रम रहेको अमेरिकी दूतावासले जनाएको छ।

प्रतिनिधिमण्डलमा एसियाका लागि कोषका उपसहायक अर्थमन्त्री रोबर्ट काप्रोथ तथा दक्षिण एवं मध्य एसियाका लागि उपसहायक विदेशमन्त्री केली केडरलिङलगायत छन्। अमेरिकी टोलीले सम्भावित सहयोगबारे परामर्श गर्नेछ। 'यो भ्रमणले श्रीलंकाका जनताको सुरक्षा र समृद्धिप्रतिको हाम्रो निरन्तर प्रतिबद्धतालाई जोड दिन्छ,' श्रीलंकालाई आर्थिक चुनौतीका बेला सघाउन, उसको आर्थिक वृद्धिमा टेवा दिन तथा प्रजातान्त्रिक संस्थाहरूलाई सुदृढ तुल्याउने प्रयासस्वरूप उच्च अधिकारी वासिङ्टनबाट आउन लागेका उल्लेख गर्दै श्रीलंकाका लागि अमेरिकी राजदूत जुली चुङले भनिन्। बितेका दुई सातामा अमेरिकाले श्रीलंकाली साना र मध्यम व्यवसायलाई सघाउन १२ करोड डलरको नयाँ वित्तीय सहयोगको घोषणा गरको थियो। त्यसैगरी वासिङ्टनले मानवीय सहायता तथा जीविकोपार्जनका लागि थप ६० लाख डलर प्रदान गर्ने बताएको थियो। अर्थतन्त्रलाई स्थिर बनाउन तथा वित्तीय सुधारका लागि प्राविधिक सहयोग उपलब्ध गराउन नयाँ अनुदान दिइएको बताइएको छ।

भविष्यमा पनि श्रीलंकाको आर्थिक पुनरूत्थान, खाद्य सुरक्षा, सार्वजनिक स्वास्थ्य तथा शिक्षा क्षेत्रको प्रवर्द्धनका लागि अमेरिकी सहयोग निरन्तर रहने जनाइएको छ। साथै, उसले अन्तर्राष्ट्रिय मुद्रा कोषबाट सहयोगका निम्ति गरेको श्रीलंकाली अनुरोधको समर्थन पनि गरेको छ। वर्तमान संकटबाट श्रीलंकालाई मुक्त गर्न सक्दो सहयोग गर्नुपर्नेमा वासिङ्टनले जोड दिएको छ। *रासस/एएनआई*

## ओस्लो नाइट क्लबमा गोली चल्दा दुई मारिए

**ओस्लो–** यहाँस्थित एक नाइट क्लबमा अन्धाधुन्ध गोली चल्दा दुई जनाको मृत्यु भएको छ भने कैयौं घाइते भएका छन्। शनिबार बिहान भएको उक्त घटनाका एक जना सन्दिग्धलाई हिरासतमा लिइएको नर्वेली अधिकारीले बताएका छन्। नाइट क्लबमा धेरै गोली चलाइएको र धेरै जना गम्भीर घाइते भएका प्रहरीलाई उद्धृत गर्दै स्थानीय सञ्चारमाध्यमले जनाएका छन्। आक्रमणको कारण स्पष्ट भइनसकेको तथा घटनाको छानबिन भइरहेको प्रहरी अधिकारीले बताएका छन्।

बन्दुक हिंसाबाट अति प्रभावित संयुक्त राज्य अमेरिकाले त्यसलाई रोक्न सिनेटबाट बन्दुक नियन्त्रणसम्बन्धी कानुन पारित गरेको भोलिपल्ट नर्वेमा उक्त घटना भएको हो। पछिल्लो समय अमेरिकामा बन्दुक हिंसा बढेपछि सिनेटले नयाँ कानुन पारित गरेको हो। टेक्सासको उभल्देस्थित एक प्राथमिक विद्यालयमा १९ जना बालबालिका र दुई जना शिक्षक बन्दुकको हिंसामा मारिएको ठ्याक्कै एक महिनापछि शुक्रबार १३ अर्ब डलरको प्याकेज समेटिएको उक्त विधेयक मतदानका निम्ति प्रतिनिधिसभामा प्रस्तुत हुने क्रममा छ। *रासस/एएनआई*

# केही अमेरिकी स्वास्थ्य संस्थाले रोके गर्भपतन सेवा

**वासिङ्टन–** सर्वोच्च अदालतले गर्भपतनसम्बन्धी ५० वर्ष पुरानो एउटा निर्णयलाई खारेज गरेपछि देशका विभिन्न राज्यका गर्भपतन सेवा प्रदायक संस्थाले सेवा प्रवाह बन्द गरेका छन्। गर्भपतनको महिला अधिकार सर्वोच्च अदालतले उल्टयाएपछि त्रासका कानुनी कारबाही भोग्नुपर्ने त्रासका बीच अल्बामा, टेक्सास र वेस्ट भर्जिनियालगायत राज्यका गर्भपतन सेवा प्रदायक संस्थाले सेवा प्रवाह बन्द गरेका हुन्।

गर्भपतनको सेवा प्रदान गर्दै आएको वेस्ट भर्जिनियाको एकमात्र संस्थाका कार्यकारी निर्देशक केटी क्विनोनेजले भक्कानिएका केही सेवाग्राही बोल्न नसकेका, केहीले बलिन्द्र आँसुका धारा बगाएका बताउँदै आफ्ना कर्मचारी दिनभर अब सेवा प्रवाह नहुने र ' तपाईंको अपइन्टमेन्ट' रद्द गरिएको सूचना प्रवाहमा व्यस्त हुनुपरेको जनाइन्।

गर्भपतन अधिकारका समर्थकहरूले सर्वोच्चको फैसलालाई अमेरिकी न्यायसम्पादनको कालो दिन भनेका छन् भने भ्रूणहत्या पाप हो भन्नेहरूले फैसलाको स्वागत गरेका छन्। सर्वोच्चको फैसलासँगै नौ वटा राज्यमा गर्भपतन रोकिएको छ भने दक्षिण डकोटा र ओक्लोहमाका सेवा प्रदायकले पनि गर्भपतनको प्रक्रिया रोक्ने तरखर गरेका छन्।

गर्भपतनसम्बन्धी महिलालाई प्राप्त संवैधानिक अधिकार खोसिएको विरोधमा देशका विभिन्न सहरमा व्यापक प्रदर्शन भइरहेको छ। फैसलाको पक्षमा पनि केही राज्यमा प्रदर्शन भएका छन्। सर्वोच्चको फैसालपछि अब राज्यहरूले गर्भपतनसम्बन्धी आफ्नै नियम बनाउने छन्। धेरै राज्यमा सर्वोच्चको फैसला अनुरूपका नियम बनाइने सम्भावना रहेको छ।

यसैबीच, भ्याटिकनको एकेडेमी फर लाइफले गर्भपतनसम्बन्धी अमेरिकी सर्वोच्च अदालतको निर्णयको स्वागत गरेको छ। भ्याटिकनले मानव जीवनको रक्षा व्यक्तिगत अधिकारमा सीमित हुन नसक्ने उल्लेख गर्दै महिलाहरूलाई आफ्ना कोखमा बच्चा जोगाउनका निम्ति सामाजिक परिवर्तन आवश्यक भएको बताएको छ। उसले जीवनका विषयमा चिन्तन गर्न पनि उनीहरूलाई आह्वान गरेको छ। *रासस/एपी*

## भागदौडमा १८ आप्रवासीको मृत्यु

**रबात–** युरोपेली देश स्पेन जान मेलिला प्रवेश गर्न खोज्दा मच्चिएका भागदौडमा १८ जना आप्रवासी मारिएका तथा सयौं घाइते भएका छन्। भागदौडका क्रममा केही प्रहरी पनि घाइते भएका छन्। *रासस/एपी*

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७७०५।२३ मा दर्ता भएको प्रा.लि.नं.२४११६९ को **आयाम एण्ड सि.जि. निर्माण सेवा प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९।०३।०९ को निर्णयानुसार कम्पनी ऐन, २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**कम्प्युटर अधिकृत**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७७०५।२३ मा दर्ता भएको प्रा.लि.नं.२४११६९ को **आयाम एण्ड सि.जि. निर्माण सेवा प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९।०३।०९ को निर्णयानुसार कम्पनी ऐन, २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**कम्प्युटर अधिकृत**

**मलेसियामा वैदेशिक रोजगारको अवसर**

कम्पनी : **XIALI GLASS INDUSTRIES SDN.BHD.**

पूर्व स्वीकृति मिति २०७९/०३/१० LT. No. 265597 चलानी नं. ६०१७८४६०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 40 | 0 | 1500 | ४२,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा असार १९ गते (3rd July 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

श्रम ईजाजत नं. ११९७/०७३/०७४

**Swift H.R. Solution Pvt. Ltd.**
Samakhusi-26, Kathmandu, Nepal, Phone:
+977-1-4352852, 4364820,9851154618,9851089052
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com

**मलेसियामा वैदेशिक रोजगारको अवसर**

कम्पनी : **HERAEUS MATERIALS MALAYSIA SDN.BHD.**

पुर्व स्वीकृति मिति :२०७९/०३/१० LT. No. 265427 चलानी नं. ६०१८१७३२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 10 | 10 | 1500 | ४२,६०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति: असार १९ गते (3rd July. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

श्रम ईजाजत नं. १०२९/०६८/०६९

**Aadarsha Human Resources Pvt. Ltd**
Sinamangal-9, Airport Kathmandu, Nepal. Tel: +977 1 4112702, 4112704
Fax: +977 1 4112703 Email: aadarshahr@gmail.com
Website : www.aadarshahr.com.np

**वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर**

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोनं. ०१२२९६६५८/९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल - डिल्लीबजार, फोन नं. : ४४३९२०१। **Reachmond Books Shop** (रोहित दाहाल) - फोन नं. ४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217**। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६। ज्ञानज्योति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं. ४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी - गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं. **9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एन्ड बी. कम्यूनिकेशन एन्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला - ९७२०० | प्रति तोला - ९७७०० | प्रति तोला - १२४० |

# पेट्रोलियम पदार्थको मूल्य घट्यो

## कर दर घटाउँदै पेट्रोलमा २०, डिजल/मट्टीतेलमा २९ रूपैयाँले घटायो




■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले तीव्र जनदबाबपछि पेट्रोलियम पदार्थको मूल्यमा केही रकम घटाएको छ। सरकारले पेट्रोलको २० र डिजेलको २९ रूपैयाँ मूल्य घटाएको जनाएको छ। शनिबार अयोजित आकस्मिक पत्रकार सम्मेलनमा उद्योग बाणिज्य तथा आपूर्ति मन्त्री दिलेन्द्रप्रसाद बडुले मूल्य घटाएको जनाएका हुन। मन्त्री बढुले सरकारको निर्णयसँगै पेट्रोलको मूल्य १सय ९९ बाट घाटाएर १ सय ७९ रूपैयाँ कायम हुने बताए। यस्तै डिजेलको मूल्य हाल १ सय ९२ रूपैयाँ रहेकामा अब २८ रूपैयाँ घटेर १ सय ६४ रूपैयाँ कायम गरिएको छ। घटेको मूल्य शनिबार राति १२ बजेदेखि लागू हुने उनले बताए।

अत्यावश्यक वस्तुहरूको मूल्यको वृद्धिका कारण सर्वसाधारण जनता मारमा गरेको भन्दै मन्त्री बडुले यस संवेदनशील अवस्थाप्रति सरकार गम्भीर र संवेदनशील हुँदै मूल्य घटाइएको बताए। नेपाल सरकारले पेट्रोलियम पदार्थमा लगाउँदै आएको केही करलाई कटौती गरेर मूल्य घटाउने सहमति भएको उनले जनाए।

बडुका अनुसार सो बैठकमा प्रधानमन्त्रीले शेरबहादुर देउवाले सरकारले लगाउँदै आएको करलाई घटाएर भएपनि मूल्य घटाउनु पर्छ भनेर भनेको र सोही अनुसार निर्णय भएर कार्यान्वयन गर्न लागिएको बताए। उनले समग्र मूल्यवृद्धिलाई नियन्त्रण गर्न अनुगमनलाई प्रभावकारी बनाइने पनि बताए।

भारत, अमेरिका लगायतका देशहरूले पेट्रोलियम पदार्थको मूल्य बढेपछि कर घटाएका छन्। नेपाल सरकारले विभिन्न ७ शिर्षक (भन्सार, भ्याट, पूर्वाधार कर, मर्मत शुल्क लगायत) मा कर असुली गर्दै आएको छ।

सरकारले भारतसँग १ सय ३१ रूपैयाँ ९१ पैसामा किन्ने पेट्रोलमा प्रतिलिटर ६५ रूपैयाँ ६१ पैसा र १ सय ४६ रूपैयाँ ५२ पैसामा किनेको डिजेलमा ४९ रूपैयाँ ५३ पैसा कर लिँदै आएको छ। त्यसमा ढुवानी भाडा, निगमको खर्च, डिलरको नाफा लिने गरेको छ।

जसकारण डिजेल र पेट्रोलको मूल्य खरिदमूल्य भन्दा झन्डै दोब्बर पुगेको छ। निगमले भने १ सय ३१ रूपैयाँ ९१ पैसामा किनेको पेट्रोल १ सय ९९ र १ सय ४६ रूपैयाँ ५२ पैसामा किनेको डिजेल १ सय ९२ रूपैयाँमा बेच्दै आएको थियो। सो मुल्य घटाउनु अघि अर्न्तराष्ट्रि क्षेत्रमा भएको अशान्ती र युद्धलाई देखाउदै मध्यरातमा नेपाल आयल निगमले बृद्धि गर्नै आएको इन्धनको मुल्यमा केही घटाएको छ।

सत्ता गठबन्धनको बैठकमा पेट्रोलिय पदार्थमा लागेको कर कम गरेर पेट्रोलियम पदार्थको मूल्य घटाउने सहमति भएको जनाएको छ। बैठकको शनिबार मन्त्रिपरिषद्को बैठक बोलाएर पेट्रोलियम पदार्थमा लगाउँदै आएको कर कम गर्ने र आयल निगमलाई मुल्य घटाउन निर्देशन दिने सहमति भएको जनाईको थियो।

प्रधानमन्त्री निवास वालुवाटारमा बसेको गठबन्धनको बैठकमा गठबन्धनका संयोजक एंव कांग्रेस वरिष्ठ नेता रामचन्द्र पौडेलले आम नागरिकको चुल्हो नै नबल्ने अवस्था आउन लागेको भन्दै सरकारले बजारमा हस्तक्षेप गर्नुपर्ने, बजारको अनुगमन कडाइका साथ गर्नुपर्ने र पेट्रोलिय पदार्थको मूल्य घटाउन पर्ने प्रस्ताव गरेपछि भएको छलफलबाट सो मुल्य घटाइएको उनको भनाई रहेको छ।

नेता पौडलको प्रस्ताव अनुसार तत्काल मन्त्रिपरिषद्को बैठक बसेर पेट्रोलियम पदार्थमा लागेको कर कम गर्ने र तेलको मूल्य घटाउन आयल निगमलाई निर्देशन दिने निर्णय समेत गरेको बताइएको छ। सरकारले बजार अनुगमनलाई कडाइ गर्ने सहमति गठबन्धनको बैठकमा भएको छ। सरकाले बजारमा हस्तक्षेप गरेर मुल्य वृद्धिलाई नियन्त्रण गर्नुपर्ने प्रस्ताव गरिएको छ। खाद्य संस्थान र साल्ट ट्रेडिङमा नागरिकलाई सस्तोमा उपभोग्य सामान उपलब्ध गराउनुपर्ने अवस्था भै सकेको समेत जनाईको छ।

यसैबीच पेट्रोलियम पदार्थको मूल्य लगातार बढेको र सरकारले जनतालाई राहत दिन पटक्कै मन नगरेको अबस्थामा देउवालाई भेटी सो प्रस्ताव राखेको थियो। संसदीय समितिले नेपाल आयल निगम व्यवस्थापनलाई कुन कुन कर घटाए मूल्यमा राहत हुन्छ भनेर गरेको छलफलको हिसाब प्रधानमन्त्री देउवालाई बुझाएको छ।

समितिलाई गरेको ब्रिफिङअनुसार नै प्रधानमन्त्री देउवालाई पनि कुन कर कति घटाउदा के हुने भन्ने हिसाब बुझाउन आयल निगमका महानिर्देशक उमेश थानीसहितको टोली शनिबारने बुझाएको छ। संसदीय समितिले ५० प्रतिशत कर घटाउन निर्देशन दिएपछि निगमका पदाधिकारीहरू संसदीय समितिमा पेस गरेको हिसाब प्रधानमन्त्रीलाई बुझाएको जनाइएको छ ।

सरकारले उक्त विषयलाई आजैका दिन देखि पेट्रोलियम पदार्थमा लगाएका करहरू कटौती गरी लागू गर्न गराउन समेत आग्रह गरेको छ। उक्त निर्णय लागू गरेमा डिजेल र पेट्रोलको मूल्यमा प्रतिलिटर ३० देखि २५ रूपैयाँसम्म मूल्य घट्ने देखिएको जनाइएको छ।

# 'डिजिटल कारोबारकै कारण अर्थतन्त्रमा समस्या'

■ प्रभाव संवाददाता

**काठमाडौं–** पछिल्लो समयमा नयाँ-नयाँ प्रविधिबाट भइरहने डिजिटल कारोबारकै कारण अर्थतन्त्रमा ठूलो समस्या निम्ताएको अर्थमन्त्री जनार्दन शर्माले बताएका छन्।

मन्त्री शर्माका अनुसार विभिन्न अध्ययन लेखा परीक्षकहरूका अनुसार डिजिटल सेवाबाट आर्थिक कारोबार बैद्यानीकभन्दा पनि अबैद्यानीक रूपमा भएकाले त्यसको असर देशको अर्थतन्त्रमा परेको बताए।

नेपाल चार्टड एकाउण्टेन्ट्स संघ (एक्यान) को एका कार्यक्रममा मन्त्री शर्माले डिजिटल कारोबार बढ्दै जाँदा अर्थतन्त्रमा समस्या देखिएकाले डिजिटल कारोबारको अध्ययन लेखापरीक्षकहरूले गर्न जिम्मेवारी दिने तयारी पनि गरेको खुलासा गरे।



अर्थमन्त्री शर्माले अडिटरहरू नै डिजिटल कारोबारको विज्ञ भएकाले त्यसको लेखखपरीक्षक समेत गर्न सुझाब दिए। उनले नेपालमा डिजिटल कारोबार क्रिप्टोकरेन्सी लगायत अन्य धेरै कारोबार भइरहेको बताएको बताउदै ती अबैधधन्दाबाट कारोबार नगर्न समेत आग्रह गरेका छन्।

मन्त्री शर्माले डिजिटल रूपमा कारोबार हुने सबै कारोबारको अध्ययन गर्न आवश्यक रहेको समेत बताए। शर्माले भने, 'अर्थतन्त्रमा समस्याहरू धेरै छन्। अहिले नयाँ नयाँ डिजिटल प्रविधिहरूबाट कारोबारहरू भइरहेका छन्। ती कारोबारको बारेमा अध्ययन गर्ने कसले हो ? यहाँहरू नै विज्ञ हुनुहुन्छ। यहाँहरूले नै अध्ययन गर्नुपर्छ होला। अहिले युग नै डिजिटलमा जाँदैछ। क्रिप्टो लगायतका तमाम के के थुप्रै कारोबारहरू भइरहेका छन्।

उनले भने, 'यी सबै कारोबारहरूको अध्ययन कसरी गर्ने ? नेपालको अर्थतन्त्रमा कहाँ समस्या छ ? कसले अध्ययन गर्ने त ? लेखापरीक्षकहरूले नै यो संस्थालाई कमजोर छ भन्दै हिँड्ने हो भने कसरी यसको सवलीकरण हुन्छ ? लेखापरीक्षकहरूले त्यतातिर ध्यान दिनुपर्छ।'

मन्त्री शर्माले लेखापरीक्षणमा नै समस्या रहेकाले सरकारको ठूलो रकममा बेरुजु बढ्दै गएको पनि दाबी गरे। उनले लेखापरीक्षणमा समस्या हुँदा एकपछि अर्को बेरुजु थुप्रिँदै गएको दाबी गरे। उनले विभिन्न निकायहरूले लेखा परीक्षण समयमा नै नगर्दा राज्यले बेरुजुको भार बोक्नुपरेको बताए। उनले सरकारलाई वर्षेपिच्छे बेरुजु भार पर्दै जानुमा लेखा परीक्षणलाई तोकिएको विधि मान्यता र समयमा भुक्तानी गरेर अडिट गरी प्रमाणित नगर्नु नै प्रमुख कारण रहेको जिकिर गरे।

मन्त्री शर्माले भने 'लेखापरीक्षण कार्यालयहरूमा गएर सरकारले अडिटहरू गर्ने गरिन्छ। फेरि पनि अहिले सरकारको ठूलो ठूलो एकपछि अर्को बेरुजु थुप्रिँदै गइरहेको छ। हाम्रो एकाउन्ट कै समस्या हो। त्यसलाई सही ढंगले समयमा निरूपण, अडिट र व्यवस्थापन नगर्दा समस्याहरू परेको छ। अहिले राज्यले थुप्रै बेरुजु खेप्नुपरेको छ। यतै कतै कमजोरी छ।

लेखा कमजोरीको कारणले त्यो भएको छ। लेखापरीक्षणलाई तोकिएको विधि मान्यता समयमा नै त्यसलाई भुक्तानी गरेर अडिट गरी प्रमाणित गर्ने व्यवस्थाका समस्या हुन्।' अर्थमन्त्री शर्माले आर्थिक सुशासन, जवाफदेहिता र पारदर्शिता बनाउनु राष्ट्रिय चुनौतीको रूपमा रहेको बताए।

उनले आर्थिक सुशासन, जवाफदेहिता र पारदर्शितालाई स्वार्थ अनकुल व्याख्या, परिभाषा गर्ने खालको प्रवृति हाबी हुँदै गएको बताए। अर्थमन्त्री शर्माले मुलुकको अर्थतन्त्रमा कस्तो लाभ हुन्छ भन्ने आधारमा मूल्यांकन गर्नुको सट्टा व्यक्ति, समूह र गुटगत स्वार्थको आधारमा मूल्याकन गरेर भ्रम सिर्जना गर्ने काम भइरहेको बताइएको छ। उनले नेपाल चार्टड एकाउन्टेन्ट्स धेरै संस्थादेखि सरकारको राजस्व तथा करसँग समेत जोडिएकाले पारदर्शिताका साथ काम गर्दा मुलुकलाई योगदान पुग्ने बताए।

## कर्पोरेट

### ज्योति विकास बैंकको मणिग्राम र परासीमा नयाँ शाखा



**काठमाडौं (प्रस)–** ज्योति विकास बैंकले मणिग्राम र परासीमा दुई नयाँ शाखाको औपचारिक उद्घाटन गरेको छ। बैंकिङ पहुँच थप विस्तार गर्दै जनतामाझ पुऱ्याउने उद्देश्यका साथ नयाँ शाखाहरू सञ्चालनमा ल्याइएको बैंकले जनाएको छ। तिलोत्तमा नगरपालिका वडा नं. ५, रूपन्देहीस्थित मणिग्राम शाखाको शुभारम्भ तिलोत्तमा नगरपालिकाका मेयर रामकृष्ण खाँण र बैंकका संचालक सुरेन्द्रबहादुर नेपालीले संयुक्त रूपमा गरेका छन्।

रामग्राम नगरपालिका वडा नं. ३ परासीस्थित परासी शाखाको उद्घाटन रामग्राम नगरपालिकाका मेयर धनपत यादव र बैंकका संचालक श्रीमन महर्जनले संयुक्त रूपमा गरेका थिए।

बैंकले मणिग्राम र परासी शाखाका ग्राहकहरूको निमित्त शून्य मौज्दातमै क्यूआर कोड, नि:शुल्क डलर कार्ड जारी, नि:शुल्क डिम्याट खाता, नि:शुल्क मेरोसेयर रजिस्ट्रेशन, नि:शुल्क डेबिट कार्ड, नि:शुल्क मोबाइल बैंकिङ सेवा, नि:शुल्क इन्टरनेट बैंकिङ सेवा, सबै मुद्दती निक्षेपहरूमा मासिक ब्याज भुक्तानी, कर्जा सेवा शुल्कमा ०.२५ प्रतिशत छुट लगायत विभिन्न सुविधाहरू प्रदान गर्ने भएको छ।

### कामना सेवाका मोबाइल बैंकिङ अब 'नेपाल पे क्युआर'मा




**काठमाडौं (प्रस)–** कामना सेवा विकास बैंक लिमिटेडले नेपाल पे क्युआरलाई आफ्नो मोबाइल बैंकिङमा एकीकृत गरेको जानकारी दिएको छ। बैंकले बिहीबारबाट नेपाल पे क्युआरका मर्चेन्टहरूलाई आफ्नो मोबाइल बैंकिङ को क्युआर स्क्यानर बाट सीधै रकम भुक्तानी गर्नु मिल्ने गरी अपडेट गरिएको जनाएको छ।

यससँगै कामना सेवा विकास बैंक नेपाल पे क्युआर मोबाइल एपमा एकीकृत गर्ने पहिलो विकास बैंक बनेको जनाइएको छ।

### उदयपुरको तोरीबारीमा सिटिजन्स बैंकको शाखारहित बैंकिङ सेवा

Citizens Bank International Ltd. सिटिजन्स बैंक इन्टरनेसनल लि. YOUR PARTNER FOR PROGRESS

**काठमाडौं (प्रस)–** सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशका विभिन्न दुर्गम स्थलका बासिन्दाहरूलाई सर्वसुलभ तथा अत्याधुनिक बैंकिङ सेवा पुऱ्याउने उद्देश्यका साथ शाखा रहित बैंकिङ सेवा विस्तार गरेको छ। बैंकले उदयपुर जिल्लाको त्रियुगा नगरपालिका- ०७ तोरीबारीमा यहि असार ६ गतेबाट ९५ औं शाखारहित बैंकिङ सेवा प्रारम्भ गरेको जनाएको छ।

सो स्थानमा सेवा संचालनका लागि स्थानीय व्यवसायी बाबुराम थापालाई व्यवसायिक प्रतिनिधि नियुक्त गरिएको छ। यस शाखा रहित बैंकिङबाट निक्षेप संकलन, रकम भुक्तानी, कोष स्थानान्तरण, मोबाइल फोनको बिल भुक्तानी, उपयोगी सेवाहरूको रकम भुक्तानी लगायत बैंकले प्रदान गर्ने अन्य सेवाहरू उपलब्ध गराउने लक्ष्य राखिएको छ। यस सेवाबाट ग्रामिण क्षेत्रमा बैंक प्रति उल्लेखिय विश्वास एंव बैंकिङ सभ्यताको बिस्तार हुने अपेक्षा बैंकले लिएको छ।

# अर्थ मन्त्रालय र संसदीय समितिबीच चल्यो दोहोरी

**काठमाडौं (प्रस)–** अर्थ मन्त्रालय र प्रतिनिधिसभाको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिबीच दोहोरी चलेको छ।

मन्त्रालयले आगामी आर्थिक वर्षका लागि ल्याएको बजेटमा गरेको अन्तशुल्कसम्बन्धी व्यवस्था परिमार्जन गर्न दिएको निर्देशनपछि मन्त्रालय र समितिबीच दोहोरी चलेको हो। समितिले हुलास वायर र प्रिमियर वायर्स प्रालि सहित १ सय वटा साना ठूला वायर पाइप ग्याविन उत्पादन गर्ने उद्योगहरूले उत्पादन गर्ने जिआइ वायर रडमा गरिएको अन्तशुल्कको भारी वृद्धिमा हेरफेर गर्न अर्थ मन्त्रालयलाई समितिले निर्देशन दिएपछि सो कार्यान्वयन नगर्ने संकेत अर्थले गरेपछि दोहोरी चलेको हो।

समितिले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन दिएको थियो। रडहरू हालसम्म बिना अन्तशुल्क आयात गरिदै आएकोमा हाल आएर भारत सरकारले उक्त वस्तु आयात गर्दा १५ प्रतिशत अन्तशुल्क लाग्ने नीति अवलम्बन गरेको र नेपाल सरकारले विगतमा लिने गरेको ५ प्रतिशत भन्सार दरलाई १० प्रतिशत कायम गरेको र नेपालले भन्सार विन्दुमा प्रति मेट्रिक टन को २ हजार ५ सय अन्त शुल्कलाई आर्थिक वर्ष २०७९/८० को बजेटमा ४ हजार ५ सय कायम गराएपछि सो तत्काल घटाउन समितिले सम्बन्धित मन्त्रालयलाई निर्देशन दिइएको थियो।

स्वदेशी उद्योगहरू नै मारमा पर्ने गरि गरेको अन्तशुल्क घटानुको विकल्प नएको भन्दै स्वदेशी उद्योग धरासयी हुने अवस्थामा रहेकले सो नीतिका कारण लाखौंको संख्याका श्रमिकहरूको रोजगारी र राज्यलाई प्राप्त हुने अर्बौंको राजश्व गुम्ने भन्दै तत्काल परिमार्जन गर्न समितिले निर्देशन दिएको थियो।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रक : एक्सप्रेस कलर प्रेस, कार्यालय : काठमाडौं–७, सिफल, नेपाल, फोन नं. ०१-४३७३५७७, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, अध्यक्षः दुर्गाबहादुर लिम्बू, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ